
## स्थानिय तहको शिक्षा योजना

## सुवर्ण गउँपालिका ,बारा




शैक्षिक सत्र   वि.स २०८१ – २०९०

# सुवर्ण गाउँपालिकाको शिक्षा क्षेत्रको योजना,

# २०८१–२०९०

# Suwarna Municipality Education Sector Plan,

# 2025-2034

स्थानीय सरकार

सुवर्ण गाउँपालिका

कवहीगोठ :- २, बारा

**गाउँकार्यपालिकाको कार्यालय**
**कवहीगोठ,बारा**
**मधेश प्रदेश, नेपाल**

## गाउँपालिका अध्यक्षको संदेश

कुनै पनि राज्यको विकासको जग बसाल्नु भनेको शिक्षामा लगानी गर्नु हो। हाल नेपालको सन्दर्भमा राष्ट्रियस्तरमा सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर खस्कि रहेको व्यापक जन गुनासो आएको अवस्थामा यसको अभिभारा बोक्ने जिम्मेवारी स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले स्थानिय सरकारको काँधमा राखेको छ। सुवर्ण गाउँपालिका अध्यक्षको हैसियतले मैले सधैं भन्ने गरेको तथा मनन गरेको एउटै कुरा हो ।शिक्षा र स्वास्थ्य क्षेत्रमा राजनितिक हस्तक्षेप हुनुहुदैन। गाउँपालिका आफैमा स्वायत्त सरकार भएकोले शैक्षिक विकासको लागि आवश्यक निती निर्माण गरी कार्यान्वयन गरिने छ। पालिकामा सञ्चालन भएका संस्थागत तथा सामुदायिक विद्यालयहरु व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गरेमा यस पालिकाको अपेक्षित उपलब्धि प्राप्त हुन्छ, त्यसका लागि सही दिशा बोध गर्ने कार्य योजनाले तय गर्छ। योजनाले शैक्षिक क्षेत्रमा के-के गर्ने, कसरी गर्ने, कहिले गर्ने, क-कसले गर्ने जस्ता कार्यक्रमहरु पूर्व निर्धारित गरी पालिकाको लक्ष्य, उद्देश्य, रणनीति, साधन स्रोत र नीति निर्धारण वजेट व्यवस्थापन जस्ता कार्यमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ।

गुणस्तरीय शिक्षाबाट देशका लागि आवश्यक पर्ने सक्षम, प्रतिस्पर्धी समाज तथा मुलुक प्रत्युत्तरदायी जनशक्ति तयार गर्नुको साथै व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुर्याउन र मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि भएका जनशक्ति उत्पादन गर्नु आजको आवश्यकता हो। शिक्षालाई उत्पादनमूलक बनाई शिक्षामा सबैको पहुँच स्थापित गर्नु राज्यको प्रमुख दायित्व हो। नेपालको संविधानले शिक्षालाई मौलिक रूपमा प्रत्याभूत गर्दै आएको सबै नागरिकले शिक्षाको समान अवसर प्रदान गर्नु राज्यको दायित्य हुने व्यवस्था गरेको छ। यो दायित्व पुरा गर्नु तीनै तहका सरकारहरूको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ। गाउँपालिकाको विशिष्टपरिवेश, आवश्यकतालाई सम्बोधन हुने गरी विभिन्न नीति कार्यक्रम वन्ने गरेका छन्। गाउँपालिकाको शिक्षाको कार्य दिशा तथा यस गाउँपालिकाले प्राथमिकता निर्धारण गरी सोच, लक्ष्य, उद्देश्य कार्यनीति र उपलब्धि समेत समावेश गरी यो योजना निर्माण गरिएको छ। शिक्षा क्षेत्रमा देखिएका समस्या चुनौती सही ढंगले सम्बोधन गर्न यस योजनाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु ।बिद्यालयको समग्र विकासमा गाउँपालिका तथा स्थानिय सरकारको तर्फबाट गर्नुपर्ने जुनसुकै दायित्व पुरा गर्ने वचनवद्धता व्यक्त गर्दै फेरी पनि यो गाउँपालिकाको शैक्षिक योजना अनुसार गाउँपालिकाको शिक्षा आगामी दिनमा सुखमय बनोस, शैक्षिक तथा भौतिक रुपले उत्कृष्ट बिद्यालय बनोस भन्ने हार्दिक शुभेच्छा प्रकट गर्दछु।

राजेश प्रसाद यादव
गाउँपालिका अध्यक्ष

धन्यावाद!!!

**सुवर्ण गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय,**
**कवहीगोठ,बारा**
**मधेश प्रदेश, नेपाल**

## गाउँपालिका उपाध्यक्षको संदेश

शिक्षा सभ्यताको मुहान हो। शिक्षा विकास र सम्वृद्धिको आधार पनि हो। गुणस्तरीय शिक्षा आम नागरिकको सरोकारको विषय बनेको छ ।यसै सन्दर्भमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर सबैको पहुँचमा पुर्याउनको लागि योजनावद्ध शैक्षिक कार्यक्रम निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ ।यही आवश्यकतालाई पुरा गर्ने लक्ष्यका साथ निर्माण गरिएको शिक्षा योजनाले समग्र गाउँपालिकाको विकासमा विशेष सहयोग पुर्याउने विश्वावास लिएको छु। गाउँपालिकाले आफ्नै विशिष्ट वस्तुस्थितिको सापेक्षतामा गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा लाई गर्दा थुप्रै चुनौतिहरु आउने कुरामा हामी सबै सरोकारवालाहरु सचेत हुन आवश्यक छ। गाउँपालिकाको शिक्षा मूलतः सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा अपेक्षित सुधार ल्याउन सक्दो प्रयास गर्ने मुख्य लक्ष्य राखिएको छ। यस योजनाले पालिकाको शैक्षिक सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा म विश्वस्त छु। गाउँपालिकाले शौक्षिक सुधार गर्ने अठोटका साथ निर्माण गरेको यी समावेशी गाउँ शिक्षा योजना शैक्षिक विकासमा एक महत्वपूर्ण कदम हुनेछ भन्ने मेरो विश्वास छ। छोटो समयको भए तापनि उत्कृष्ट शिक्षा योजना निर्माण गर्न सकेको यस सुखद अवसरमा म सबै सरोकारवालाहरुलाई धन्यावाद ज्ञापन गर्न चाहन्छु ।अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनीतिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहको भएकोले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्यकताको जगमा शैक्षिक योजना कार्यक्रमहरु निर्माण गर्न सक्ने प्रावधान रहेको छ। यस संविधान प्रदत्त अधिकारको जगमा टेकेर गाउँपालिकाले आफ्नो परिवेशमा गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने क्रममा गाउँसभा र शिक्षा समितिको निर्णयलाई आत्मसात गरेको हो। यस प्रक्रियामा प्रधानाध्यापक, अभिभावक,स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति,विभिन्न सामाजिक संघ संस्था लगायत सबैको भूमिका महत्वपूर्ण रह्यो। खासगरी प्रारम्भिक कक्षा पढाइ कार्यक्रम र विश्वमा नेपालको आर्थिक र प्राविधिक सहयोगको लागि ती संस्थाहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो गाउँ शिक्षा योजनाले समावेशी र सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गर्दै सवै वालवालिकाहरुलाई रमाइलो बातावरणमा शिक्षा प्राप्त गर्न पाउने अधिकारको संरक्षण गर्नेछ भन्ने विश्वास लिएको छु। शिक्षालाई सबैको पहुँचमा पुर्याउन तथा निरक्षरता उन्मुलन गर्नमा पनि यस योजनाले सहयोग गर्ने छन्। श्रमप्रति सकारात्मक चिन्तन भएका नागरिक निर्माण गरी उत्पादनमूखी शिक्षाको वातावरण निर्माण गर्नमा पनि यो योजना उपयोगी हुनेछ। उहाँहरुको विद्धताको म उच्च सम्मान गर्दै छोटो समयमा उत्कृष्ट र व्यवहारिक गाउँ शिक्षा योजना निर्माणमा सहयोग गर्नु हुने गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृत लगायत सम्पुर्ण शिक्षक, अभिभावक, राजनीति दलका प्रतिनिधिहरुप्रति यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबैको साथ र सहयोग पाउने अपेक्षा सहित म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

पुनम कुमारी
गाउँपालिका उपाध्यक्ष

# सुवर्ण गाउँपालिका
# गाउँकार्यपालिकाकोकार्यालय,
# कवहीगोठ,बारा
# मधेश प्रदेश, नेपाल
## प्रमुख प्रशासकीय अधिकृतको संदेश

देश विकासका लागि शिक्षा योजनाले मार्गदर्शन गर्दछ। यो निरन्तर चलिरहने प्रक्रिया हो। यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ।संविधानले स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई "सुनौलो सुवर्ण सुसम्पन्न गाँउपालिका"ले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ । सुवर्ण गाँउपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन विद्यालय शिक्षा क्षेत्र योजना (2025-2035) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।

विद्यालय शिक्षा क्षेत्र योजना यस गाँउपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्षे मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाँउपालिकाले राखेको छ। यस विद्यालय शिक्षा क्षेत्र योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, विद्यालय शिक्षा क्षेत्र योजना निर्माण समिति, प्राविधिक समिति, विश्व शिक्षा नेपाल  र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यबाद दिन चाहन्छु ।

आमोद चौधरी
प्रमुख प्रशासकिय अधिकृत
सुवर्ण गाउँपालिका,बारा

**सुवर्ण गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कवहीगोठ,बारा**

**मधेश प्रदेश, नेपाल**

**शिक्षा अधिकृतको संदेश**

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा शैक्षिक तथा सामाजिक भेदभाव रहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा विद्यालय शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण योगदान पुर्याउँछ।
सुवर्ण गाँउपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। विद्यालय शिक्षा क्षेत्र योजना तयार गर्नका लागि आर्थिक सहयोग गर्नुहुने सुवर्णगाँउपालिका तथा प्राविधिक रुपमा सहयोग गर्ने सामाजिक विकास मन्त्रालय योजना महाशाखा (शिक्षा) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय प्रति धन्यवाद व्यक्त गर्दछौ।

यस विद्यालय शिक्षा क्षेत्र योजना निर्माणमा महत्वपुर्ण योगदान पुर्याउने प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह तथा सुझाव प्रदान गरी सहयोग पुर्याउने गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघसंगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, विधालय व्यवस्थापन समिति,राजनीतिकदल, तथ्याङ्क संकलनकर्ता लगायतका महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछु।

**कृष्णा कुमारी चौरसीया**

**शिक्षा अधिकृत**

# विषयसूची


परिच्छेद- १ ........................................ १
१.१ परिचयः ........................................ १
१.२ सुवर्ण गाउँपालिकाको पृष्टभुमि ........................................ १
१.३ सुवर्ण गाउँपालिकाको शैक्षिक विवरण : ........................................ ७
१.५ शैक्षिक चुनौतीहरू यस प्रकार रहेका छ ........................................ २५
१.६ अवसरहरूः- ........................................ २६
१.७ योजना निर्माण प्रक्रिया ........................................ २६
परिच्छेद २: दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........................................ २७
२.१ दूरदृष्टि ........................................ २७
२.२ ध्येय (Mssion) ........................................ २७
२.३ उदेश्य (Objectives) ........................................ २७
२.४ रणनीतिहरू ........................................ २७
२.७ उपलब्धी : ........................................ २९
२.८ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिणात्मक नतिजा) ........................................ ३०
राष्ट्रिय ........................................ ३०
परीच्छेद-३ शिक्षाको मुख्य उपक्षेत्र ........................................ ३६
३.१ प्रारम्भिक विकास र शिक्षा ........................................ ३६
३.१.१ वर्तमान अवस्था ........................................ 36
३.१.२. उदेश्यः ........................................ 36
३.१.३. रणनीति ........................................ 36
३.१.४. उपलब्धि र नतिजा ........................................ 37
३.२. आधारभूत शिक्षा ........................................ ३९
३.२.१. वर्तमान अवस्था ........................................ 39
३.२.२. उदेश्यः ........................................ 40
३.२.३. रणनीतिः ........................................ 40

३.२.४. प्रमुख उपलब्धि र नतिजा ... 41

३.२.५ प्रमुखक्रियाकलाप तथा लक्ष्य ... 42

३.३. माध्यमिक शिक्षाः ... ४३

३.३.१. वर्तमान अवस्थाः ... ४३

३.३.२. उदेश्यः ... 45

३.३.३. रणनीतिः ... 45

३.३.४. उपलब्धि र नतिजाः ... 45

३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य ... 46

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ... ४८

३.५.१ ... 48

३.५.२ उदेश्यः ... 48

३.५.३ रणनीतिः ... 48

३.५.४. प्रमुख उपलब्धिः ... 49

३.५.५ प्रमुख क्रियाकलाप रलक्ष्य ... 50

३.६ अन्य उपक्षेत्र ... ५१

३.६.१ वर्तमानअवस्था ... 51

३.६.२. प्रमुख समस्या र चुनौतीः ... 51

३.६.३ उद्देश्यः ... 51

३.६.४ रणनीतिः ... 52

परिच्छेद-४: अन्तर सम्बन्धित विषय तथा क्षेत्र ... ५२

४.१ पाठ्यक्रम, पाठ्य पुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ... ५२

४.१.१ वर्तमान अवस्थाः ... 52

४.१.२ प्रमुख समस्या र चुनौती ... 52

४.१.३ उद्देश्य ... 52

४.१.४ रणनीति ... 53

४.१.५ प्रमुख उपलब्धि तथा नतिजा ... 53

४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 54

४.२ शिक्षक व्यवस्थापन र विकास ........ ५५

४.२.१ वर्तमानअवस्था ........ 56

४.२.२ उद्देश्य :- ........ 58

४.२.३ रणनीतिहरु :- ........ 59

४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 59

४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 60

४.३ शिक्षामा लैङ्गिक समता तथा सामाजिक समावेशीकरण ........ ६३

४.३.१ वर्तमान अवस्था ........ 63

४.३.२ उद्देश्य ........ 63

४.३.३ रणनीति ........ 63

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 64

४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 65

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ६७

४.४.१ वर्तमान अवस्था ........ 67

४.४.२ उद्‌देश्य ........ 68

४.४.३ रणनीति ........ 68

४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 69

४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 70

४.५ विधालयमा सुरक्षा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता ........ ७२

४.५.१ वर्तमान अवस्था ........ 72

४.५.२ उद्देश्य ........ 73

४.५.३ रणनीति ........ 73

४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 74

४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 75

४.६ विद्यालयमा भौतिक पूर्वाधार विकास ........ ७६

४.६.१ वर्तमान ..... 76

४.६.२ उद्देश्य ..... 77

४.६.३ रणनीति ..... 77

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 77

४.६.५ प्रमुखक्रियाकलापरलक्ष्य ..... 78

४.७ विधालयमा सूचना तथा सञ्चार प्रविधिको ..... ७९

४.७.१ वर्तमान अवस्था ..... 80

४.७.२ उद्देश्य ..... 80

४.७.३ रणनीति ..... 81

४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 81

४.७.५ प्रमुखक्रियाकलाप र लक्ष्य ..... 83

परिच्छेद-५ सुशासन तथा व्यवस्थापन ..... ८४

५.१ संस्थागत क्षमता विकास : ..... ८४

५.१.१ वर्तमान अवस्थाः ..... 84

५.१.२ समस्या तथा चुनौतिहरुः ..... 85

५.१.३ उद्देश्यः ..... 85

५.१.४ रणनितिहरुः ..... 85

५.१.५ उपलब्धि नतिजा तथा परिमाणात्मक लक्ष्यः ..... 85

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ..... ८८

५.२.१ वर्तमान अवस्था ..... 88

५.२.२ उद्देश्य ..... 88

५.२.३ रणनीति ..... 88

५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... 89

परिच्छेद-६ ..... ९१

६.१ वर्तमान अवस्था ..... ९१

६.२ उदेश्य ..... ९२

६.३ रणनीति ............ ९२

६.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य उपलब्धि : ............ ९२

६.५ प्रमुख क्रियाकलाप र लक्ष्य ............ ९३

६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान (पहिलो पाँच वर्षको अनुमानित बजेट) ............ ९४

परिच्छेदः७ ............ ९५

७.१ वर्तमान अवस्थाः ............ ९५

७.२ उद्देश्यः ............ ९५

७.३ रणनीतिः ............ ९५

७.४ प्रमुख उपलब्धि तथा नतिजा : ............ ९६

७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य : ............ ९६

## १.१ परिचयः

मधेश प्रदेशको दक्षिणतिर पर्ने भारतको सिमानासँग जोडिएको बारा जिल्लाको दक्षिणी भेगमा रहेको सुवर्ण गाउँपालिकाको उत्तरपट्टी महागढीमाई न.पा. पुर्वतर्फ पचरौता न.पा. पश्चिमतर्फ देवताल गा.पा. र दक्षिणमा छिमेकी मित्र राष्ट भारतसँग सिमाना जोडिएको स्थानीय तह हो |यस सुवर्ण गाउँ पालिकाको नामाकरण प्रजातान्त्रिक आन्दोलनका अगुवा तथा कवहीगोठका तत्कालिन राजा सुवर्ण शमशेर ज.ब.रा.को नामबाट भएको हो।साविकको गा.वि.स. कवहीगोठ, हर्दिया, बडकीफुलवरीया, बगही, औरैया,मझरिया र प्रशुरामपुर सहितको ७ ओटा गा.वि.स.हरु मिलेर बनेको हालको सुवर्ण गाउँपालिका मिश्रित जातजाति र समुदाय मिलेर बनेको देखिन्छ | मूख्यतया यादव, मूस्लिम, तेली, क्षेत्री, कोईरी, चमार, धोवी, बिन, डोम, तत्मा, राजभर, हजाम, सोनार, कुम्हार, दुसाध, कायस्थ, राजपुत, चनौ, मल्लाह, गिरी, कुर्मी, कलवार लगायतका जातजातिहरुको बसोबास रहेको पाइन्छ | यस क्षेत्रका बासीहरु विभिन्न धर्महरु जस्तै हिन्दु तथा ईस्लाम धर्म मान्दछन् | साथै यस भेगका मानिसहरु भोजपुरी, नेपाली, हिन्दी आदि भाषाहरु बोल्दछन् | यस पालिकामा जनजाती, आदिबासी तथा दलितहरुको बाहुल्यता रहेकोले आर्थिक अवस्था सामान्य देखिन्छ | स्थानीय तहका बासीहरुमा एक अर्का प्रति राम्रो सदभाव रहेको देखिन्छ | खास गरी विवाह, चाडपर्व तथा श्राद्ध जस्ता कार्यहरुमा सबै धर्मावलम्बीहरुको सहयोग  तथा मेलमिलाप रहेको पाईन्छ |

## १.२ सुवर्ण गाउँपालिकाको पृष्टभुमि

**सुवर्ण गाउँपालिकाको भौगोलिक अवस्था, सिमाना तथा राजनैतिक, प्रशासनिक विभाजनः-**

सुवर्ण गाउँपालिका नेपालको मधेश प्रदेशमा अवस्थित छ | ७७ वटा जिल्लामध्ये बारा जिल्लामा १६ स्थानीय तह रहेका छन् |जसमध्ये ६ नगरपालिका र १० गाउपालिका छन् | यो गाउँपालिका ३६.८४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ |यो गाउँपालिका साबिक ७ वटा गा.वि.स.हरु क्रमशः कवहीगोठ, हर्दिया, बगही, औरैया, प्रशुरामपुर, मझरिया, बडकीफुलवरीया मिलेर बनेको छ | सुवर्ण गाउँपालिकाको कार्यालय साविक गा वि स कवहीगोठमा रहेको छ | यो गाउँपालिका जिल्ला सदरमुकामबाट १८ किलोमिटर दक्षिणमा अवस्थित छ | गाउँपालिकाको आक्षांस २६.५४ N र देशान्तर ८५.०२ E मा अवस्थित रहेको छ | यस गाउँपालिकाको पुर्वमा पचरौता नगरपालिका, पश्चिममा देवताल गाउँपालिका, उत्तरमा महागढीमाई नगरपालिका र दक्षिणमा भारतको सिमाना पर्दछन् |

**राजनितिक तथा प्रशासनिक विभाजनः-**

यस गाउँपालिकाको प्रशासनिक विभाजन यस प्रकार रहेका छन् |

| | |
|---|---|
| प्रदेश | मधेश प्रदेश |
| जिल्ला | बारा |
| सदरमुकाम | कलैया |
| प्रतिनिधिसधा क्षेत्र नं. | २ |
| प्रदेश निर्वाचन क्षेत्र नं. | ख |
| वडा संख्या | ८ |

सुवर्ण गाउँपालिकाको थप विवरण निम्न तालिका अनुसार रहेको छ ।

| क्र.सं. | वडा नं. | समावेश गा.वि.स. | जनसंख्या | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | १ | बगही, हर्दिया | ४२१० | ३३.८४ वर्ग किलोमिटर |
| २ | २ | कवहीगोठ | ५०५४ | |
| ३ | ३ | बगही,कवहीगोठ | ५३७१ | |
| ४ | ४ | हर्दिया | २४८८ | |
| ५ | ५ | औंरैया, पशुरामपुर | ३०२४ | |
| ६ | ६ | मझरिया | ३९९५ | |
| ७ | ७ | बड्की फुलवरीया | ५७५८ | |
| ८ | ८ | पशुरामपुर | ५२४१ | |

स्रोतः २०७८ जनगणना

**जनसांख्यिक स्वरुप**

| उमेर समूह | 2078 को जनसंख्या | प्रक्षेपित जनसंख्या (जम्मा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०८९ | २०९० | २०९१ |
| ४ | ४३२२ | ४३५० | ४४०१ | ४४६५ | ४४९० | ४५०५ | ४५२५ | ५४९० | ४६०१ | ४६५० | ४६९० |
| ५-९ | ७८८८ | ८०२२ | ८१२३ | ८२०० | ८२५० | ८२९१ | ८३३० | ८३७० | ८४०० | ८४३० | ८४८० |
| १०-१२ | ३९६७ | ४१९७ | ४२६८ | ४३४१ | ४४१५ | ४४९० | ४५६६ | ४६४४ | ४६८८ | ४७०१ | ४७५५ |
| ५-१२ | १४८५४ | १५१०६ | १५३६३ | १५६२४ | १५८९० | १६१६० | १६१८० | १६२०१ | १६२२० | १६२४० | १६२६१ |
| १३-१४ | २०८५ | २१२० | २१५६ | २१९३ | २२३० | २२६८ | २२९० | २३०१ | २३४० | २३६० | २३९० |
| १५-१६ | २१८५ | २२२२ | २२६० | २२९८ | २३३७ | २३७७ | २४५९ | २४७० | २५०५ | २५५५ | २५९० |
| १३-१६ | ४२७० | ४३४३ | ४४१७ | ४४९२ | ४५६५ | ४६४६ | ४६८० | ४७०१ | ४७५० | ४७९० | ४८५२ |
| ५+ | ४०९६६ | ४१६६३ | ४२३७१ | ४३०९१ | ४३८२४ | ४४५६९ | ४६०९७ | ४७००१ | ४७०५० | ४८००५ | ४८९९ |
| १५+ | २८०६५ | २८५४३ | २९०२८ | २९५२१ | ३००२३ | ३०५३३ | ३१५८० | ३१६२५ | ३१६९९ | ३१७५० | ३२००५ |
| १५-२४ | ९०७३ | ९२२७ | ९३८४ | ९५४३ | ९७०६ | ९८७१ | १००३८ | १००८० | ११००१ | ११०५० | १२००१ |

स्रोतः २०७८ जनगणना

**भौगोलिक पृष्ठभूमि**

सुवर्ण गाउँपालिकाको कुल क्षेत्रफल ३६.८४ बर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको पुर्वमा पचरौता न.पा. पश्चिममा देवताल गा.पा. उतरमा महागढिमाई न.पा. र दक्षिणमा छिमेकी मित्र राष्ट्र भारतको सिमाना रहेको छ । यसलाई प्रशासनिक रुपमा ८ वटा वडा हरुमा बिभाजन गरिएको छ ।यहाको भु- स्वरुप समथर तराइ क्षेत्र अन्तर्गत पर्दछ । यो पालिकाको केन्द्र कवहीगोठ,समुन्द्र सतह देखी उचाइमा १६०० मि. अवस्थित छ । भन्ने २७..०० अक्षांश र ८४..९० देशान्तरमा रहेको छ ।यहाको हावा पानी समशितोष्ण खालको छ ।

जनगणना २०७८ अनुसार सुवर्ण गाउँपालिकाको कुल जनसंख्या ३५,१४१ रहेको छ ।जसमा पुरुषको १८१६४ जना (५१.७४%) महिलाको १६९७७ जना (४८.३%) रहेको छ ।महिलाको भन्दा पुरुषको जनसंख्या ११८७ जना (३.४%) ले बढी देखिन्छ । यहाको लैङगिक अनुपात ०.९३ छ ।

**हावापानी**

सुवर्ण गाउँपालिका मधेश प्रदेशको तराई क्षेत्रमा अवस्थित भएकाले यसको हावापानी र वातावरणमा समतलभूभागको विशेषता पाइन्छ। यहाँको वातावरण विशेषतःगर्मी र आर्द्रता प्रधान छ। वर्षाभरि समशीतोष्ण हावापानी देखिए पनि गर्मीयाममा अत्यधिक गर्मी हुने र जाडोयाममा अत्यधिक चिसो हुने गर्दछ।गर्मी महिनाहरूमा तापक्रम ३०°c देखि ४०°c सम्म पुग्नसक्छ भने जाडो महिनामा तापक्रम १५°c सम्म घट्ने गर्दछ।वर्षामुख्यतः असार देखि भदौ महिनासम्म हुने गर्दछ,जसले गर्दा नदीहरूमा बाढी आउने र आर्द्रता बढ्ने समस्या देखिन्छ।

वातावरणीय दृष्टिकोणले यहाँको क्षेत्र हरियालीले भरिएको छ।तराई क्षेत्रमा पाइने झाडी,घाँसेमैदान,र नदी किनाराका वनस्पतिहरूले यहाँको जैविक विविधतालाई धानेका छन्।वातावरणीय चुनौतीहरूको रुपमा धूलो प्रदूषण,जलप्रदूषण, ध्वनि प्रदुषण,वायु प्रदुषण र कृषि जन्य रसायनहरूको प्रयोगले स्थानीय पर्यावरणमा नकारात्मक असर पारेको देखिन्छ।वातावरण संरक्षणका लागि हरियाली प्रवर्द्धन, नदीजन्यस्रोतको दिगो उपयोग,र स्थानीयस्तरमा जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ।साथै,जलवायु परिवर्तनका प्रभावहरू न्यून गर्न दीर्घकालीन योजना आवश्यक रहेको छ।

**खानेपानी**

यस सुवर्ण गाउँपालिकामा रहेका कूल ५०७३ घरपरिवार मध्ये सबैभन्दा उच्च ५५८ वा ११ प्रतिशत घरपरिवारले धारा वा पाइपको पानी र ४५१५ परिवार ८९ प्रतिशतले टयूवेल वा हातेकलको पानी उपयोग गर्दछ भने नढाकिएको इनार वा कुवाको पानी उपभोग गर्ने घर परिवार रहेको छैन।वडा अनुसारको विभिन्न स्रोत अनुसार खानेपानी उपयोग गर्ने घरपरिवार सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

**जलसम्पदाः-**

यस गाउँपालिकामा मुख्य नदिको रूपमा थलही, तियर र भुतही खोला आदि पर्दछन् |सुवर्ण गाउँपालिकामा निजी तथा सार्वजनिक पोखरीहरुको उल्लेख्य संख्या भएको गाउँपालिका हो। यहाँ भएका पोखरीहरु अधिकांश सरकारी तथा निजी प्रयासमा निर्मित एवं संचालित छन्। ती मध्ये अधिकांश पोखरीमा माछा पालेर व्यवसाय गरिएको छ। नयाँ र पुराना गरी जम्मा ३० पोखरीहरु यस गाउँपालिकाभित्र रहेका छन् ।तीमध्ये सार्वजनिक ११ वटा (अनुमानित) र निजी १९ वटा (अनुमानित) पोखरीहरु रहेका छन्।

**सांस्कृतिक पक्ष**

सांस्कृतिक रुपमा सुवर्ण गाउँपालिका सुवर्ण शमशेर राजाको नामले नामाकरण गरिएको हो। चाडपर्व तथा मेलाले धार्मिक, सांस्कृतिक तथा सामुदायिक परम्पराको संरक्षणबाट खुशियाली साटासाट तथा मनोरञ्जनकालागि यस गाउँपालिकाले महत्वपूर्ण स्थान ओगटेको छ। यस गाउँपालिकाका हिन्दू समुदायमा मनाइने चाडपर्वहरु रक्षाबन्धन, तीज, ऋषिपञ्चमी, कृष्णाष्टमी, विश्वकर्मा पूजा, जितिया, दशै, दुर्गापूजा, दीपावली, छठ, विवाह पञ्चमी, माघे संक्रान्ति, शिवरात्रि, होली, रामनवमी, नागपञ्चमी आदि हुन् । यी मध्ये पनि दीपावली, छठ र होली विशेष आकर्षण तथा उत्साहका साथ मनाइन्छ भने कृष्णाष्टमी, दुर्गापूजा, शिवरात्रिमा धार्मिक मेला समेत लाग्ने गर्दछ ।यसैगरी मुस्लिम समुदायमा मनाइने चाडपर्वहरु सोवेरात, रमजान,ईद–उल–फितर,बकरिद,मोहरम्म(ताजिया)आदि हुन् ।यी बाहेक आ–आफ्नो जातीय, धार्मिक तथा सांस्कृतिक परम्पराअनुसार अन्य चाडपर्व पनि उत्साहका साथ मनाइने गरिन्छ । यी चाडपर्वहरुले सामाजिक सदभाव कायम राखेको सहयोग हुने गरेको छ ।

**सामाजिक वातावरण :**

जनगनणा २०७८ अनुसार सुवर्ण गाउँपालिकाको कुल जनसंख्या ३५१४१ जना रहेको छ ।जसमा पुरुषको १८१६४ जना ५१.७% र महिलाको १६९७७ जना ४८.३% रहेको छ। महिलाको भन्दा पुरुषको जनसंख्या ११८७ जना ३.४% ले बढी देखिन्छ । लैङ्गीक अनुपात ०.९३६ रहेको छ। यस गाउँपालिकामा यादव, धानुक, तेली, बिन, मल्लाह, सोनार, कायस्थ, ब्राह्मण, भुमिहार, कलवार, माली, दलित जातिहरु (डोम,हल्खोर, चमार, दुसाध, मुसहर,धोवी,पासी, तत्मा,) र मुस्लीम जातिहरुको बसोबास रहेको पाइन्छ। जातियताको आधारमा जनसंख्या अध्यनन गर्दा यस पालिकामा यादव तथा मुस्लमानहरुको जनसंख्या सबै भन्दा बढी क्रमश ४१.५१% र २१.१% रहेको छ । तथ्याङकको आधारमा सुवर्ण गाउँपालिकामा यादवहरुको बाहुल्यता रहेको देखिन्छ ।यसै गरी मातृभाषाको आधारमा जनसंख्याको आकारलाई बिश्लेषण गरेर हेर्दा यस पालिकामा भोजपुरी मातृभाषीहरुको जनसंख्याहरु बढी ९९.६७% र मैथिली मातृभाषाको जनसंख्या सबै भन्दा कम ०.२५% रहेको छ। मातृभाषाको आधारमा यो गाउँपालिका भोजपुरी मातृ भाषाभाषीहरुको बाहुल्यता रहेको तथ्याङकले देखाउछ ।यस पालिकामा जनगनणा २०७८ का अनुसार ५ बर्ष भन्दा माथिका जनसंख्या मध्ये ४७.३% साक्षर र ५२.७% निरक्षर रहेको छ ।त्यसै गरी महिला साक्षर ३८.१% र पुरुष साक्षर ५१.९% रहेको छ। यहाँका अधिकांश मानिसहरू कृषि पेशामा संलग्न रहेको पाइन्छ कृषिका अतिरिक्त केही मानिसहरू सरकारी तथा गैरसरकारी सेवामा संलग्न रहेका छन् भने केही व्यापार व्यवसायमा संलग्न हुनुका साथै यो गाउँपालिकाका धेरै युवाशक्तिहरु ज्यालामजदुरीको लागि वैदेशिक रोजगारीमा जाने गरेको पाइन्छ ।जातीयतामा विविधतासँगै धर्ममा पनि विविधता रहेको पाइन्छ। यस क्षेत्रका धेरै मानिसहरूले हिन्दू धर्म मान्ने गरेको तथ्याङ्क रहेको छ।

**प्रमुख उत्पादनहरु :**

क)कृषि योग्यभूमि र उत्पादन

सिंचाइ सुबिधा

| उपलब्धसुबिधा | हेक्टर |
|---|---|
| कुलखेतीयोग्यजमिन | १९४९ |
| सतहसिंचाइ | १०५ |
| भूमिगतसिंचाइ | ६९० |
| कुलसिँचाइक्षेत्र | ७९५ |
| सिँचाइनभएकोक्षेत्रवर्षामानिर्भररहुनेक्षेत्र | ११५४ |

स्रोतःस्रोतः घरधुरी सर्वेक्षण २०७८ सुवर्ण गा.पा.)

सिंचाइका प्रमुख स्रोत तथा योजनाहरु




**स्रोतःघरधुरी सर्वेक्षण २०७८,सुवर्ण गा.पा.)**

यस गाउँपालिकाका ८०% भन्दा बढी मानिस कृषि पेशामा संलग्न रहेको पाइन्छ।यस क्षेत्रका कृषकहरु मुख्यतः गहुँ, धानजस्ता अन्न बाली,तेलहन,दलहन जस्ता खेती लगाउँछन्।आँप,कागती,अम्बा, केरा, लिची, कटहर आदि यस क्षेत्रमा उत्पादन हुने प्रमुख फलफूल हुन् ।यो गाउँपालिकालाई फलफूल तथा तरकारीखेतीकै लागि पकेट क्षेत्रको रुपमा लिइन्छ ।

**<u>यातायात पहुँच तथा बजार :</u>**

सुवर्ण गाउँपालिका बारा जिल्लाको दक्षिण भागमा अवस्थित छ । यस गाउँपालिकाको कवहीगोठ बजार सबैभन्दा पूरानो बजार हो। मधेश प्रदेशको राजधानी जनकपुरवाट १६० किलो मिटर पश्चिम उत्तर कुनामा अवस्थित रहेको छ । सुवर्ण गाउँपालिकावाट संतगंज हुँदै काठमाडौंका लागि रात्रि बस सेवा सञ्चालित छ। सुवर्ण गा.पा. को विभिन्न वडाबाट मधेश प्रदेशको राजधानी जनकपुरधाम सम्मको लागि नियमित यातायात सेवा समेत रहेको छ।

**<u>प्रमुख सरकारी कार्यालयहरु तथा सुविधाहरु</u> :**

यस सुवर्ण गाउँपालिकामा हिमालयन बैंक, विद्यालय, स्वास्थ्य चौकी, ईलाका हुलाक कार्यालय, ईलाका प्रहरी कार्यालय, नेपाल सशस्त्र प्रहरी बल, सहकारी संस्थाहरु र वर्थिङ्ग सेन्टर र २४ घन्टा एम्बुलेन्स सेवाहरु उपलब्ध रहेका छन् ।

## १.३ सुवर्ण गाउँपालिकाको शैक्षिक विवरण :

**शैक्षिक अवस्था :**

यस गाउँपालिकामा जम्मा ३४ (सामुदायिक-२३, मदरसा-५ र संस्थागत-६) वटा विद्यालयहरु समेत प्राविधिकधार संचालनमा रहेका छन् ,जसमध्ये कक्षा १ देखि ५ सम्म संचालित २७ (सामुदायिक-१६, मदरसा-५ र संस्थागत-६) वटा, कक्षा ८ सम्म संचालित ४ वटा, कक्षा १० सम्म संचालित १ वटा र कक्षा १२ सम्म संचालित २ वटा समेत रहेका छन्।२३ वटा सामुदायिक विद्यालयहरुमा २६ वटा बालविकास केन्द्र र यस पालिकामा ३ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् ।गाउँपालिकाको शैक्षिक विवरणलाई यसरी संक्षिप्तमा प्रस्तुत गरिन्छ :

विद्यालय विवरणः

| क्र.स. | 1) कक्षागत रुपमा सन्चालित विद्यालयहरुको बिबरण (Schools Running by Grades) | ECED | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 1_5 | 6_8 | 1_8 | 9_10 | 11_12 | 9 to 12 | जम्मा | CLC | 1_5 | 6_8 | 9_10 | 11_12 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षागत र तहगत जम्मा बिद्यालय सङ्ख्या (सबै प्रकारका) | ३४ | ५ | २ | ३ | 0 | १६ | ० | १ | ३ | 0 | १ | 0 | २ | १६ | ४ | ३३ | १ | ० | २ | ३४ | 0 | ० | ० | ० | ० |
| २ | कक्षागत र तहगत सबै प्रकारका समुदायिक जम्मा बिद्यालय सङ्ख्या | २३ | 0 | ० | १ | 0 | १५ | 0 | १ | ३ | 0 | १ | 0 | २ | २३ | ४ | २० | १ | ० | २ | २३ | 0 | ० | ० | ० | ० |
| ३ | जम्मा समुदायिक बिद्यालयमध्ये अनुमति प्राप्त कक्षाग र तहगत बिद्यालय सङ्ख्या (शुन्य दरबन्दी भएका) | 0 | 0 | 0 | १ | 0 | ० | 0 | 0 | ३ | 0 | ० | 0 | ० | १ | ३ | ० | ० | १ | ० | ४ | 0 | ० | ० | ० | ० |
| ४ | जम्मा सामुदयिक बिद्यालयमध्ये बिशेष बिद्यालयहरुको सङ्ख्या (बिभिन्न अपाङ्गताका भएका बालबालिकाका लागि) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | जम्मा सामुदयिक बिद्यालयमध्ये धार्मिक बिद्यालयहरुको सङ्ख्या | 0 | ० | २ | १ | 0 | २ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ५ | 0 | ० | 0 | 0 | 0 | ५ | 0 | ० | 0 | 0 | 0 |
| ६ | जम्मा सामुदयिक बिद्यालयमध्ये घुम्ती बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ७ | जम्मा सामुदयिक बिद्यालयमध्ये समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ८ | जम्मा सामुदयिक बिद्यालयमध्ये आवासिय सुबिधा सहितका बिद्यालयहरुको सङ्ख्या | | | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ९ | प्राबिधिक धार सहितका जम्मा सामुदयिक बिद्यालयहरुको सङ्ख्या (कक्षा ९-१२) | | | | | | | | | | 0 | 0 | 0 | ० | 0 | 0 | 0 | 0 | ० | ० | ० | 0 | 0 | 0 | 0 | ० |
| १० | नमूना बिद्यालय कार्यक्रम सहितका सामुदयिक बिद्यालयहरुको सङ्ख्या (कक्षा ९-१२) | | | | | | | | | | 0 | 0 | 0 | | 0 | 0 | 0 | 0 | | | | 0 | 0 | 0 | 0 | 0 |
| ११ | बिज्ञान बिषय सहितका जम्मा बिद्यालयहरुको सङ्ख्या (सबै प्रकारका कक्षा ११-१२) | 0 | | | | | | | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | बिज्ञान बिषय सहितका जम्मा सामुदयिक बिद्यालयहरुको सङ्ख्या (कक्षा ११-१२) | 0 | | | | | | | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १३ | खुल्ला बिद्यालय सङ्ख्या (Other Column मा लेखानुहोस) | 0 | | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १४ | सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | 0 | 0 | | | | | | | | | | | | | | | | | | | 4 | 0 | 0 | 0 | 0 |
| १५ | अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय (Other Column मा लेखानुहोस) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

स्रोतः २०८२ को IEMIS REPORT

कक्षागत विद्यार्थी विवरण :

| 2) बिद्यार्थी बिबरण (Stusents details) | ECED | | | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | ६ | | | ७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | 844 | 763 | 1607 | 901 | 908 | 1809 | 816 | 638 | 1454 | 615 | 512 | 1127 | 575 | 469 | 1044 | 533 | 403 | 936 | 386 | 316 | 702 | 332 | 331 | 663 |

| | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | 675 | 584 | 1259 | 577 | 530 | 1107 | 541 | 416 | 957 | 526 | 441 | 967 | 519 | 440 | 959 | 473 | 386 | 858 | 386 | 316 | 702 | 332 | 331 | 663 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | 63 | 64 | 127 | 94 | 87 | 181 | 68 | 60 | 128 | 70 | 58 | 128 | 49 | 53 | 102 | 41 | 41 | 82 | 19 | 32 | 51 | 30 | 30 | 60 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | 63 | 60 | 123 | 91 | 79 | 170 | 67 | 59 | 126 | 68 | 57 | 125 | 49 | 53 | 102 | 41 | 41 | 82 | 19 | 12 | 51 | 30 | 30 | 60 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | 1 | 2 | 3 | 1 | 10 | 11 | 1 | 0 | 1 | 1 | 1 | 2 | 1 | 0 | 1 | 1 | 2 | 3 | 1 | 0 | 1 | 1 | 0 | 1 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत अपाङ्गता | 1 | 2 | 3 | 1 | 10 | 11 | 1 | 0 | 1 | 1 | 1 | 2 | 1 | 0 | 1 | 1 | 2 | 3 | 1 | 0 | 1 | 1 | 0 | 1 |

| | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भएका बिद्यार्थी सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | 18 | 22 | 30 | 8 | 14 | 22 | 9 | 9 | 18 | 7 | 7 | 14 | 7 | 5 | 12 | 15 | 7 | 22 | 8 | 3 | 11 | 7 | 8 | 15 |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | 18 | 22 | 30 | 8 | 14 | 22 | 9 | 9 | 18 | 7 | 7 | 14 | 7 | 5 | 12 | 15 | 7 | 22 | 8 | 3 | 11 | 7 | 8 | 15 |
| सामुदायिक बिद्यालयमा सन्चालित प्राबिधिक धारका बिद्यार्थी सङ्ख्या (कक्षा ९-१२ मा) | **0** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सबै प्रकारको माध्यमिक तहका | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बिद्यालयहरूमा कक्षा ११-१२ मा विज्ञान बिषयमा भर्ना भएका बिद्यार्थी सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सामुदायिक बिद्यालयहरूको माध्यमिक तहमा कक्षा ११-१२ मा विज्ञान बिषयमा भर्ना भएका बिद्यार्थी सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| 2) बिद्यार्थी बिबरण (Stusents details) | ८ | | | ९ | | | १० | | | ११ | | | १२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | 263 | 219 | 482 | 155 | 147 | 302 | 169 | 158 | 327 | 81 | 82 | 163 | 76 | 75 | 151 |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत जम्मा विद्यार्थी सङ्ख्या | 263 | 219 | 482 | 155 | 147 | 302 | 169 | 158 | 327 | 81 | 81 | 163 | 76 | 75 | 151 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत दलित विद्यार्थी सङ्ख्या | 21 | 20 | 41 | 18 | 19 | 37 | 19 | 9 | 28 | 6 | 16 | 22 | 6 | 6 | 12 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत दलित विद्यार्थी सङ्ख्या | 21 | 20 | 41 | 18 | 19 | 37 | 19 | 9 | 28 | 6 | 16 | 22 | 6 | 6 | 12 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती विद्यार्थी सङ्ख्या | 7 | 2 | 9 | 3 | 9 | 12 | 3 | 8 | 11 | 2 | 3 | 5 | 4 | 0 | 4 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती विद्यार्थी सङ्ख्या | 7 | 2 | 9 | 3 | 9 | 12 | 3 | 8 | 11 | 2 | 3 | 5 | 4 | 0 | 4 |
| सामुदायिक विद्यालयमा सन्चालित प्राबिधिक धारका विद्यार्थी सङ्ख्या (कक्षा ९-१२ मा) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै प्रकारको माध्यमिक तहका बिद्यालयहरूमा कक्षा ११-१२ मा विज्ञान बिषयमा भर्ना भएका बिद्यार्थी सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सामुदायिक बिद्यालयहरूको माध्यमिक तहमा कक्षा ११-१२ मा विज्ञान बिषयमा भर्ना भएका बिद्यार्थी सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

स्रोतः २०८२ को IEMIS REPORT

**तहगत विद्यार्थी संख्या :**

| 2) बिद्यार्थी बिबरण (Stusents details) | Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | 3450 | 2920 | 6370 | 981 | 866 | 1847 | 324 | 305 | 629 | 157 | 157 | 314 | 4431 | 3786 | 8217 | 481 | 462 | 943 |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | 2636 | 2212 | 4848 | 981 | 866 | 1847 | 324 | 305 | 629 | 157 | 157 | 314 | 3617 | 3078 | 6695 | 481 | 462 | 943 |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | 322 | 289 | 611 | 70 | 82 | 152 | 37 | 28 | 65 | 12 | 22 | 34 | 392 | 371 | 763 | 49 | 50 | 99 |
| सामुदायिक बिद्यालयमा कक्षागत | 316 | 289 | 605 | 70 | 82 | 152 | 37 | 28 | 65 | 12 | 22 | 34 | 386 | 371 | 757 | 49 | 50 | 99 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| र तहगत दलित विद्यार्थी सङ्ख्या | | | | | | | | | | | | | | | | | | |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | 5 | 13 | 18 | 3 | 0 | 3 | 1 | 0 | 1 | 0 | 0 | 0 | 8 | 13 | 21 | 1 | 0 | 1 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | 5 | 13 | 18 | 3 | 0 | 3 | 1 | 0 | 1 | 0 | 0 | 0 | 8 | 13 | 21 | 1 | 0 | 1 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती विद्यार्थी सङ्ख्या | 46 | 42 | 88 | 22 | 13 | 35 | 6 | 17 | 23 | 7 | 3 | 10 | 68 | 55 | 123 | 13 | 20 | 33 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती विद्यार्थी सङ्ख्या | 42 | 42 | 88 | 22 | 13 | 35 | 6 | 17 | 23 | 7 | 3 | 10 | 68 | 55 | 123 | 13 | 20 | 33 |
| सामुदायिक विद्यालयमा सन्चालित प्राबिधिक धारका बिद्यार्थी | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या (कक्षा ९-१२ मा) | | | | | | | | | | | | | | | | | | |
| सबै प्रकारको माध्यमिक तहका बिद्यालयहरूमा कक्षा ११-१२ मा विज्ञान बिषयमा भर्ना भएका बिद्यार्थी सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सामुदायिक बिद्यालयहरूको माध्यमिक तहमा कक्षा ११-१२ मा विज्ञान बिषयमा भर्ना भएका बिद्यार्थी सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

**स्रोतः २०८२ को IEMIS REPORT**

**शिक्षक विवरण :**

| क्र.स. | ५) बिद्यालय प्रकार अनुसार तहगत शिक्षक | ECED | | | Lower Basic (G1-5) | | | Upper Basic (G 6-8) | | | Secondary (G 9-10) | | | Secondary (G 11-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total |

| | बिबरण (Number of Teachers by Levels and Types) | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सबै प्रकारका बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | 26 | 0 | 26 | 9 | 77 | 86 | 3 | 18 | 21 | 1 | 9 | 10 | 0 | 2 | 2 |
| २ | सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | 26 | 0 | 26 | 9 | 77 | 86 | 3 | 18 | 21 | 1 | 9 | 10 | 0 | 2 | 2 |
| ३ | सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | 19 | 0 | 19 | 8 | 70 | 78 | 2 | 14 | 16 | 1 | 9 | 10 | 0 | 2 | 3 |
| ४ | सामुदायिक बिद्यालयमा | | | | | | | | | | 1 | 9 | 10 | 0 | 2 | 2 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | | | | | | | | | | | | | | | |
| ५ | पालिका द्वरा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | 8 | 0 | 8 | 1 | 7 | 8 | 1 | 4 | 5 | 0 | 0 | - | 0 | 0 | 0 |
| ६ | सामुदायिक बिद्यालयमा कार्यरत शिक्षकमध्ये पूर्ण तालिम प्राप्त (शिक्षा बिषय र TPD सहितका शिक्षक) सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ७ | बिशेष बिद्यालयमा कार्यरत र स्रोत कक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सन्चालन गर्ने स्रोत शिक्षकहरूमध्ये समाहित शिक्षासम्बन्धी तालिम प्राप्त शिक्षक सङ्ख्या | | | | | | | | | | | | | | | |
| ८ | सामुदायिक बिद्यालयमा कार्यरत शिक्षकमध्ये TPD तालिम (TPD को कुनै पनि Phase को तालिम लिएको) लिएको शिक्षक सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

स्रोतः २०८२ को IEMIS REPORT

**शिक्षक विद्यार्थी अनुपात (STR):**

| 2) बिद्यार्थी बिबरण (Stusents details) | ECED | Basic Level (1-5) | Basic Level (6-8) | Secondary Level (9-10) | Secondary Level (11-12) | Basic Level (1-8) | Secondary Level (9-12) |
|---|---|---|---|---|---|---|---|

| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चालु शैक्षिक सत्रमा सामुदायिक बिद्यालयको स्वीकृत दरबन्दी र राहत दरबन्दीमा कार्यरत शिक्षक र तहगत जम्मा बिद्यार्थीको अनुपात (STR) | | | **56** | | | **95** | | | **140** | | | **104** | | | **157** | | | | | | |
| सामुदायिक बिद्यालयको स्वीकृत दरबन्दी र राहत दरबन्दीमा कार्यरत शिक्षक र तहगत जम्मा बिद्यार्थीको आधारमा पालिका द्वरा तोकिएको अनुपात (STR) | | | **20** | | | **35** | | | **40** | | | **40** | | | **40** | | | | | | |

**Flash Report 2082**

## शैक्षिक उपलब्धि तथा सूचांकहरु :

यस गाउँपालिकाको स्थापनासँगै शिक्षामा जोड दिइँदै आएको छ।हरेक वर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिँदै आएको छ।विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतीको विषय रहेको छ । समग्र शैक्षिक सूचकको अवस्थालाई तलको टेबलमा प्रस्तुत गरिन्छ ।

| Gross Enrollment Rate[ECD\|PPC} | | | Net Enrollment Rate [ECD\PPC} | | | GER Grade 1 | | | NIR Grade 1 | | | GER [1-5} | | | NER [1-5} | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 66.21 | 55.70 | 60.79 | 41.00 | 35.53 | 38.18 | 143.95 | 132.51 | 137.97 | 50.00 | 46.15 | 47.99 | 105.57 | 78.53 | 91.36 | 74.07 | 54.70 | 63.89 |

| GER [6-8} | | | NER [6-8} | | | GER [1-8} | | | NER [1-8} | | | GER [9-10} | | | NER [9-10} | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 197.24 | 151.55 | 173.79 | 100.00 | 100.00 | 100.00 | 84.84 | 78.89 | 81.73 | 68.77 | 50.77 | 59.35 | 24.36 | 21.94 | 23.13 | 16.92 | 15.68 | 16.29 |

| GER [11-12} | | | NER{11-12} | | | GER [9-12 | | | NER[9-12} | | | Survival rate upto grade 8 | | | Survival rate upto grade 8 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 12.40 | 12.29 | 12.35 | 6.56 | 6.26 | 6.41 | 18.99 | 18.15 | 18.56 | 12.44 | 12.07 | 12.26 | 94.69 | 93.52 | 94.15 | 62.57 | 68.18 | 65.00 |

**Flash Report 2082**

| Indicator | ECD/PPC | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| Total students | 844 | 763 | 1607 | 901 | 908 | 1809 | 816 | 638 | 1454 | 615 | 612 | 1127 | 575 | 469 | 1044 | 533 | 403 | 936 |
| Droup out | 26 | 22 | 48 | 10 | 12 | 22 | 7 | 10 | 17 | 17 | 24 | 43 | 9 | 20 | 29 | 23 | 20 | 43 |
| Repeater | 313 | 262 | 576 | 271 | 236 | 507 | 218 | 169 | 387 | 124 | 93 | 217 | 101 | 65 | 166 | 138 | 75 | 213 |
| Passed | 490 | 453 | 943 | 589 | 599 | 1188 | 591 | 459 | 1050 | 476 | 352 | 868 | 463 | 382 | 845 | 364 | 307 | 671 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Droup out rate | 1.66 | 1,40 | 3.06 | 0.08 | 0.70 | 1.28 | 0.48 | 0.69 | 1.17 | 1.51 | 2.13 | 3.64 | 0.87 | 1.92 | 2.79 | 2.48 | 2.16 | 4.64 |
| Repeater rate | 19.97 | 16.72 | 36.76 | 15.78 | 13.74 | 29.53 | 14,99 | 11.62 | 26.62 | 11.01 | 8.26 | 19.27 | 9.71 | 6.25 | 15.96 | 14.89 | 8.09 | 22.98 |
| Passed rate | 31.27 | 28.91 | 60.18 | 34.30 | 34.89 | 69.19 | 40.65 | 31.57 | 72.21 | 42.27 | 34.81 | 77.09 | 44.52 | 36.73 | 81.25 | 39.27 | 33.12 | 72.38 |

| Indicator | G6 | | | G7 | | | G8 | | | G9 | | | G10 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| Total students | 386 | 315 | 702 | 332 | 331 | 663 | 263 | 219 | 482 | 155 | 147 | 302 | 169 | 158 | 324 |
| Droup out | O | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Repeater | 64 | 64 | 128 | 100 | 47 | 147 | 86 | 83 | 169 | 8 | 17 | 25 | 3 | 1 | 4 |
| Passed | 317 | 252 | 569 | 232 | 283 | 515 | 176 | 136 | 312 | 147 | 130 | 277 | 166 | 155 | 321 |
| Droup out rate | 0.0 | 0.0 | 0.0 | 0 | 0 | 0.0 | 0.21 | 0.0 | 0.21 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Repeater rate | 9.18 | 9.18 | 18.36 | 15.11 | 7.10 | 22.21 | 17.84 | 17.22 | 35.06 | 2.65 | 5.63 | 8.28 | 0.92 | 0.31 | 1.23 |
| Passed rate | 45.48 | 36.15 | 81.64 | 35.05 | 42.75 | 77.79 | 36.51 | 28.22 | 64.73 | 48.68 | 43.05 | 91.72 | 51.08 | 47.69 | 58.77 |

**IEMIS REPORT 2082**

## १.४ शिक्षा क्षेत्रका मुख्य समस्याहरू:

समग्र देशकै शैक्षिक सूचाङ्कलाई हेर्दा मधेश प्रदेश शिक्षा क्षेत्रमा पछाडि परेको देखिन्छ।त्यसमा पनि बारा जिल्ला त झनै पछाडि रहेको सन्दर्भमा बारा भित्रकै स्थानीय तह सुवर्ण गाउँपालिकाको शैक्षिक अवस्था कमजोर नै रहेको देखिन्छ । सुवर्ण गा. पा. भित्रका शैक्षिक समस्याहरू बुँदागत रुपमा यस प्रकारका रहेका छन् :

### १. प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका समस्याहरु

क) पाठ्यक्रम केन्द्रित सहजीकरण गर्न नसक्नु

ख) बालविकासको लागि भौतिक पूर्वाधार विकास नहुदा कक्षाकोठामा मुख्य सिकाईका ६ क्षेत्र निर्धारण गर्न नसक्नु

ग) बालबालिकाको अनुपातमा बालविकास सहजकर्ता नहुनु ।

घ) प्रारम्भिक बाल उमेर समूहका सम्पूर्ण बालबालिकालाई १ बर्षे प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना गर्न नसक्नु ।

ङ) कम उमेर तथा बढी उमेर समुहका बालबालिका भर्ना हुँदा कक्षा कोठा तथा सिकाई व्यवस्थापन गर्न कठिन हुनु ।

च) अभिभावकहरुलाई बालविकासको महत्वबारे जानकारी नहुनु ।

### २. आधारभूत तह (१-८) मा देखिएका समस्याहरू

क) विद्यार्थीको औसत उपस्थिति कम हुनु ।

ख) आधारभूत तह उमेर समूहका सम्पूर्ण बालबालिकालाई भर्ना गरी नियमित गर्न नसक्नु ।

ग) अभिभावकहरुको विद्यालय शिक्षाप्रतिको चेतना अभाव हुनु ।

घ) विद्यार्थीको अनुपातमा शिक्षकको संख्या नहुनु ।

ङ) पाठ्यक्रमले तोकेको न्यूनतम सक्षमता प्राप्त गराउन नसक्नु ।

च) कक्षा छाड्ने र कक्षा दोरोर्याउने दरलाई न्यून गर्न नसक्नु ।

छ) आधारभूत तह (१-५) पुरा गर्ने दर न्यून हुनु ।

ज) बालमैत्री कक्षाकोठा र शिक्षण सिकाई क्रियाकलाप वातारण निर्माण गर्न नसक्न।

झ) बालमैत्री wash सुविधाको अभाव हुनु ।

ञ) सामुदायिक विद्यालय प्रति अभिभावकको विश्वास बढाउन नसक्नु ।

ट) निरन्नत्तर विधार्थी मुल्यांकन कार्यान्वयन नहुनु ।

### ३. आधारभूत तह (६-८) मा देखिएका समस्याहरु ।

क) नियमित बिधार्थी उपस्थितिको अभाव हुनु ।

ख) आधारभूत तह (१-५) पुरा गरेका सम्पूर्ण बालबालिकालाई यस तहमा भर्ना गर्न र तह पुरा गराउन नसक्नु ।

ग) मुख्य तथा अनिवार्य विषयहरुको शिक्षकको अभाव हुनु ।

घ) कक्षा दोहर्याउने र छोड्ने दर देखिनु ।

ङ) मदर्सा तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने र सामुदायिक विद्यालयमा भर्ना भई परीक्षा दिने गलत परिपाटी रोक्न नसक्नु

च) न्यूनतम सिकाई उपलब्धि तथा सिकाई सक्षमता प्राप्त गर्न नसक्नु ।

छ) बालमैत्री, अपांगतामैत्री र छात्रामैत्री विद्यालय बातावरण र शिक्षण सिकाई नहुनु ।

ज) विद्यालय उमेर समूहका बालबालिका अझै विद्यालय बाहिर रहनु ।

झ) विद्यार्थीको अनुपातमा शिक्षकको संख्या नहुनु ।

ञ) छात्रामैत्री शौचालय तथा महिनावारी स्वच्छता कक्षको अभाव हुनु ।

### ४ माध्यमिक तहमा(९-१२) देखिएका समस्याहरु

क) विद्यार्थीहरुको निरन्तर उपस्थिति नहुनु ।
ख) विद्यार्थी सङ्ख्या र चाप अनुसार सेक्सन विभाजन गरी पठन पाठन कार्य गर्न नसक्नु ।
ग) विषयगत शिक्षक पर्याप्त व्यवस्थापन गर्न नसक्नु ।
घ) लागूपदार्थ दुर्व्यसन तथा कुलतमा फस्नु ।
ङ) उमेर नपुगी विवाह गर्नु ।
च) माध्यमिक तह पुरा नगरी रोजगारीको लागि अन्यत्र जानु ।
छ) लैंगिकमैत्री वातावरण नहुनु ।
ज) बालबालिकाको शिक्षण सिकाई प्रति अभिभावकको चासो कम हुनु ।
झ) अनौपचारिक र बैकल्पिक सिकाईको व्यवस्था गर्न नसक्नु ।

**५.उच्च शिक्षाका समस्याहरु**

क सुवर्ण गाउँपालिकाभित्र कक्षा-१२ पछिको उच्च तहको अध्ययन गर्नका लागि एउटा पनि क्याम्पस हुन नसक्नु ।

**६.शिक्षक तथा कर्मचारीहरुको समस्याहरू**

क) विद्यार्थीको संख्या अनुसारको विषयगत र तहगत दरबन्दीको अभाव रहनु ।
ख) प्रविधिमैत्री शिक्षक तथा कर्मचारीको सङ्ख्या न्युन हुनु ।
ग) शिक्षकलाई समय अनुकुल प्रशिक्षण, सुपरिवेक्षण, पेशागत सहयोगको अभाव रहनु ।
घ) शिक्षक तथा कर्मचारीलाई समय समयमा प्रेरणादायी क्रियाकलाप गराउन नसक्नु ।

## १.५ शैक्षिक चुनौतीहरू यस प्रकार रहेका छ

१. गुणस्तरीय शिक्षा सहित सामुदायिक विद्यालय प्रतिको आकर्षण अभिवृद्धि गर्नु ।
२. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुर्नवितरण गर्नु ।
३. प्रविधिमैत्री शिक्षण सिकाई वातावरण सृज्ना गर्नु ।
४. भौतिक पूर्वधार सहितको आकर्षक सिकाई वातावरण निर्माण गर्नु ।
५. विद्यालय वाहिर रहेका विधालय उमेर समुहका बालबालिकालाई विधालयमा भर्ना गराउनु ।
६. बिधालयमा रहेका बालबालिकालाई कक्षामा निरन्तर उपस्थित गराउनु ।
७. दलित, विपन्न र सिमान्तकृत परिवारको बालबालिकाहरु समक्ष शिक्षाको पहुँच पुर्याउन ।
८. वालवालिकाहरुको कक्षा छाडने दर, कक्षा दोहराउने दर र विद्यार्थी टिकाउ दर शून्यमा झारी आपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु ।
९. विद्यालय उमेरसमूह भन्दा वाहिरको वालवालिकाहरुलाई अनौपचारिक,वैकल्पिक तथा सिपमुलक शिक्षा प्रदान गर्नु
१०. समावेशि शैक्षिक वातावरण प्रदान गर्नु ।
११. पालिका भित्र उच्चतहको अध्ययनका लागि विभिन्न सङ्काय सहितको क्याम्पस सञ्चालन गर्नु ।
१२. प्राविधिकधारका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु ।
१३. बालबालिकाहरुलाई लागुपदार्थ दुर्व्यसनी, कुलत र अपराधिक क्रियाकलापबाट बचाउनु ।
१४. बाल विवाह न्यूनीकरण गरि बालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्नु ।
१५. अभिभावक सचेतना तथा शिक्षा प्रदान गर्न ।

## १.६ अवसरहरू:-

"कालो बादलभित्र पनि चाँदीका घेराहरू हुन्छन् भने झैं जति नै समस्या र चुनौतीहरू देखिए तापनि यस सुवर्ण गा.पा. भित्र विशेष गरी, शिक्षा क्षेत्रमा केही आशा लाग्दा र दुरगामी महत्वका कार्यहरु भइसकेका, भइरहेका र हुने वाला छन् ।

१. संबैधानिक र कानुनीरुपमा नै आधारभूत तहको व्यवस्थापन र संचालनको जिम्मा स्थानीय तहलाई प्राप्त हुनु |
२. विद्यालय शिक्षा तीनै तहको साझा अधिकारको सूचीमा पर्नु र तीनै तहबाट लागानिको वातावरण हुनु |
३. अनौपचारिक तथा बैकल्पिक शिक्षा संचालन र व्यवस्थापनको अधिकार स्थानीय तहमा रहनु |
४. स्वायत्त स्थानीय सरकार रहनु |
५. स्थानीय तहबाट लगानीको वातावरण सिर्जना हुनु |
६. स्थानीय तहबाट गाउँ शिक्षक भर्ना तथा व्यवस्थापन गर्न सक्नु |
७. अनुगमन, निरीक्षण र सुपरिवेक्षण संयन्त्रहरु निर्माण हुनु र नियमित कार्यान्वयनमा रहनु |
८. समता समावेशी विषय सम्बोधन गर्ने गरि कार्यविधि निर्माण हुनु |
९. पालिकाद्वारा बार्षिक शैक्षिक पात्रो निर्माण गरि विद्यालय शिक्षालाई व्यवस्थित गर्न खोज्नु |
१०. विकास साझेदारहरु पालिका केन्द्रित भई शैक्षिक गुणस्तर सुधारको पक्षमा आवश्यक समन्वय र सहकार्य गर्नु |
११. नियमित प्र.अ. बैठक गरी अत्यावश्यक कदमहरु चालिनु |
१२. बाल क्लब, समावेशी शिक्षा, बाल संज्जालहरू गठन हुनु |
१३. गुनासो सुनुवाई समिति गठन व्यवस्थापन तथा सम्बोधन गर्ने अवसर रहनु |
१४. उच्च शिक्षा सम्मको पहुँच पुर्याउन स्थानीय सरकार प्रमुख प्रथमिकतामा रहनु |
१५. गाउँ शिक्षा समिति क्रियाशिल हुनु |
१६. पालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरि बालबालिकाहरुलाई प्रतिस्पर्धाको अवसर प्रदान गर्नु ।
१७. दिवाखाजा, छात्रवृत्ति जस्ता कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनमा रहनु।
१८. एकीकृत पाठ्यक्रम कार्यान्वयनको प्रयास गरिनु र सो सम्बन्धमा शिक्षकहरुलाई तालिमको अवसर प्रदान गर्नु |
१९. आधारभूत तह १-३ मा कक्षा शिक्षण लागु भएको |
२०. सम्पूर्ण विद्यालयहरुमा विद्युत तथा इन्टरनेट सेवाको पहुँच पुग्नु |
२१. विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई विद्यालय शिक्षामा ल्याउन पहल र कदम चालिनु |
२२. स्थानीय शिक्षा योजना बानाई शिक्षालाई व्यवस्थित र गतिशील बनाउने प्रयास रहनु |

## १.७ योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफलदिने प्रक्रियाहरुको सम्मिश्रण नै योजना हो । योजना आफैमा निर्मित हुने होइन र यो एउटा जटिल र चुनौतीपूर्ण कार्य पनि हो । यस कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्वन र अनुसरण गरिएको छ:

- शैक्षिक योजना निर्माण सम्बन्धमा गाउँ शिक्षा समितिमा पटक पटक बहस र अन्तरक्रिया संचालन गरिएको |
- योजना निर्माण सम्बन्धमा विभिन्न निकायबाट (शिक्षा विकास तथा समन्वय समित, शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा तथा मानव स्रोत किअसा केन्द्र लगाएको विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघसंस्था) तालिम संचालन भएको |
- पी. पी.सी. नेपाल जनकपुरधाम को आयोजनमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षा समितिका पदाधिकारी र प्र.अ. ज्यूहरुको लागि १ दिने स्थानीय शैक्षिक योजना निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन भएको |

- शिक्षा समितिबाट गाउँपालिकाको शिक्षा योजना निमार्णका लागि कार्यदिश सहितको १५ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
- योजनाको लागि आवश्यक तथ्याङ्क तथा आवश्यक दस्तावेजहरुको अध्ययन टिपोट, संकलन,व्यवस्थापन तय गरिएको ।
- योजनाको ड्राफ्ट तयार गरि सम्पूर्ण सरोकारवाला निकाय, व्यक्ति, कर्मचारी, नागरिक समाजबाट सुझाब संकलन गर्ने कार्य गरेको ।
- सुझावको आधारमा कार्यदलबाट योजनाको ड्राफ्ट तयार गरिएको ।
- ड्राफ्टमा पुनःसुझावको लागि सुझाव संकलन तथा छलफल गरिएको ।

यो योजना तय गर्दा मुख्य रुपमा संघीय तथा सरकारका नीति, कार्यक्रम, योजनाको साथै अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रले प्रतिबद्धता गरेका कुरालाई समेत मुख्य आधार बनाइएको छ । साथै पालिकाले तय गरेको दूरदृष्टि,लक्ष्य,उद्देश्यको आधारमा यो योजना निर्माण गरिएको छ ।

# परिच्छेद २ः दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

## २.२ ध्येय (Mission)

“सक्षम, प्रविधियुक्त, बालमैत्री विद्यालय तथा बैकल्पिक शिक्षालयको माध्यमबाट सुवर्ण बासीको शिक्षा प्राप्त गर्ने संबैधानिक अधिकार सुनिश्चित गर्दै एक्काइसौं शताब्दी सुहाउँदो सक्षम र सिपमुलक नागरिक तयार गर्ने |

## २.३ उदेश्य (Objectives)

१. विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालय शिक्षा र अनौपचारिक/बैकल्पिक शिक्षाको पहुच वृद्धि गरि शैक्षिक अवसर सुनिश्चित गर्नु |
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु |
३. विपद तथा आपतकालीन अवस्थामा बालबालिकाहरुलाई शिक्षण सिकाइको अवसर सुनिश्चित गर्नु |
४. समतामुलक तथा समावेशी वातावरणमा शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्नु |
५. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु |
६. शिक्षित र सीपयुक्त जनशक्ति हुने अवसर प्रदान गर्नु |
७. शैक्षिक तथ्यांक तथा प्रणालीको प्रभावकारी व्यवस्थापन तथा स्थानीय भाषाको पाठ्यपुस्तकको विकास गरी वहुभाषी विधिबाट प्रभावकारी कक्षा शिक्षण गर्ने ।
८. बिधार्थीको संख्याका आधारमा तालिम प्राप्त शिक्षक शिक्षिकाको उचित व्यवस्थापन गर्दै प्रविधिमैत्री सिकाई वातावरण सिर्जनागरी गुणस्तरीय शिक्षणमार्फत विधार्थीमा प्रगतिशिल भावना विकास गर्ने ।

## २.४ रणनीतिहरू

माथि २.३ मा उल्लेखित उदेश्यहरू प्राप्तिका लागि निम्नलिखित रणनितिहरू अपनाइनेछन् |

२.४.१. आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य गर्ने |

२.४.२. दिवाखाजा र छात्रवृत्तिलाई विस्तार गरी शिक्षण सिकाइमा विद्यार्थीको सहभागी वृद्धि गर्ने ।
२.४.३. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवस्थित, व्यवहारिक, वैज्ञानिक बनाउने ।
२.४.४. विद्यालयमा सबै प्रकारको हिंसा र शोषण अन्त्य गरी विद्यालय शान्तिक्षेत्र घोषणा गर्ने ।
२.४.५. सम्पूर्ण बालबालिकाहरूको पहुँच योग्य आधुनिक प्रविधि सहितको कक्षाकोठाको व्यवस्थापन गर्ने ।
२.४.६. बालमैत्री, अपाङमैत्री र छात्रामैत्री पूर्वाधारहरू निर्माण सहितको शिक्षण सिकाइको अवसर प्रदान गर्ने ।
२.४.७. शिक्षकको पेशागत विकासका लागि क्षमता अभिवृद्धि तथा तालिम कार्यक्रम संचालन गर्ने ।
२.४.८. एक विद्यालय एक उत्पादन कार्यक्रम संचालन गर्ने ।
२.४.९. सामुदायिक सिकाइ केन्द्र मार्फत अभिभावक शिक्षा कार्यक्रम संचालन गर्ने ।
२.४.१०. आयमूलक छोटो अवधिको सिप विकास तालिम कार्यक्रम संचालन गर्ने ।
२.४.११. सामुदायिक पुस्तकालय कार्यक्रम संचालन गर्ने ।
२.४.१२. स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
२.४.१३. विद्यालय सुशासनमा अभिभावकको सहभागिता अभिवृद्धि गर्ने ।
२.४.१४. प्रारम्भिक बालविकास तथा शिक्षालाई अनिवार्य गर्ने ।
२.४.१५. विपत प्रतिकार्य योजना निर्माण गरी कार्यन्वयन गर्ने ।
२.४.१६. अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रमहरुलाई सघन रुपमा संचालन र व्यवस्थित गर्ने ।
२.४.१७ साक्षरता, निरन्तर र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रको कार्यक्षमताम सबलीकरण गर्ने ।
२.४.१८. विभिन्न गैर सरकारी तथा नागरिक समाजबाट संचालित विभिन्न आयोजना तथा कार्यक्रमहरुलाई एकीकृत गरि पालिकाको शैक्षिक अवस्था उकास्न परिचालन गर्ने ।
२.४.१९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली सिकाई र अनुगमन तथा मुल्यांकन संयन्त्रको विकास गर्ने ।
२.४.२०. सुधारोन्मुख सुपरिवेक्षण प्रणाली कार्यान्वन र नियमति गर्ने ।

**२.५ कार्यनीतिहरु :**

सुवर्ण गाउँपालिकाको शैक्षिक कार्य योजना कार्यन्वयन गर्नका लागि निम्नानुसारको कार्यनीति अबलम्बन गरिनेछ ।

१. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा पूर्ण कार्यान्वयनको लागि सघनरुपमा प्रभावकारी कार्ययोजना निर्माण गरि कार्वान्वयन गरिने छ ।
२. दिवाखाजा कार्यक्रमलाई नियमित र व्यवस्थित रुपमा सञ्चालन गर्दै आधारभूत तह सम्म विस्तार गर्न गाउँपालिकाले थप अनुदान उपलब्ध गराइनेछ ।
३. छात्रवृत्ति कार्यक्रमलाई उपलब्धिमुलक र व्यावहारिक बनाउन सम्पूर्ण निकायहरुलाई एकद्वार प्रणालीबाट अगाडी बढाइनेछ ।
४. PMT (विपन्न लक्षित छात्रवृत्ति) कार्यक्रमलाई विद्यालय तहबाट नियमित र विस्तार गरीदै लगिनेछ ।
५. पालिका स्तरीय छात्रवृत्ति कोष स्थापना गरी नियमित कार्यान्वयन गरिनेछ ।
६. विद्यालय नक्सांकनको आधारमा विद्यालय विस्तार र मर्ज गरिनेछ ।
८. गाउँ शिक्षक थप गर्दै क्रमशः शिक्षक विद्यार्थी अनुपात व्यवस्थित गरिनेछ ।
९. तालिम, कार्याशाला, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम मार्फत विद्यालय व्यवस्थापन तथा शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि गरिनेछ ।
१०. वडागत अनुगमन तथा नियमन संरचना निर्माण गरी सक्षम अनुगमन प्रवृत्तिको विकास गरिनेछ ।
११. सबै किसिमको हिँसा अन्त्य गरी विद्यालयलाई बालमैत्री, लैंगीकमैत्री र सिकाइमैत्री बनाइनेछ ।
१२. मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउन स्थानिय तहमै प्रश्नपत्र निर्माण गरी कक्षा ५ र ८ मा पालिकास्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

१३. विद्यार्थी निरन्तरताका लागि अभिभावक र आमा समूह परिचालन गरिनेछ ।
१४. सबै विद्यालय/धार्मिक विद्यालयका खेलमैदान र स्वच्छ खानेपानी, अपाङ्गमैत्री र छात्रामैत्री शौचालय निर्माण गर्ने ।
१५. सामाजिक, आर्थिक र शारीरिक रूपले पछाडी परेका वालवालिकाहरुलाई शैक्षिक अवसर प्रदान गर्न अभिमुखीकारण, प्रचारप्रसार र विभिन्न स्किमहरु प्रदान गरिनेछ ।
१६. स्मार्ट बोर्ड सहितको कक्षाकोठा सञ्चालन गर्ने ।
१७. बिद्युतिय पुस्तकालय र विज्ञान प्रयोगशाला स्थापना गर्ने ।
१८. अतीरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि प्रत्येक मा.वि./नि.मा.वि. मा ICT को सूविधा सहितको स्तरीय सभाहल निर्माण गर्ने ।
१९. शिक्षहरुकको पेशागत विकासका लागि नवप्रवेशि सेवाकालीन, पुनर्ताजगी, TPD र ICT तालीमको नियमित संचालनगरिनेछ ।
२०. विद्यालय/धार्मिक विद्यालयको कार्यरत शिक्षक तथा अन्य सबै प्रकारका विद्यालय कर्मचारीहरुलाई पालिकाबाट थप सेवा सुविधा विस्तार गरि शिक्षण पेशालाई आकर्षित बनाइनेछ ।
२१. एक विद्यालय एक उत्पादन कार्यक्रम सञ्चालनका लागि आवश्यक सम्भावनाहरुको खोजी गर्ने ।
२२. SEE तथा १२ कक्षाका परिक्षा दिएर बसेका विद्यार्थीहरुको लागि आवश्यक छोटो अवधिको सिप विकास कार्यक्रम सञ्चालनका गरि आत्मनिर्भर बनाइनेछ ।
२३. प्रत्येक वडामा सामुदायिक पुस्तकालयको स्थापना गर्ने ।
२४. पालिकाभरीका शिक्षकहरुलाई क्रमिक रुपमा मा.वि., नि.मा.वि. र प्रा.वि. तहका प्रत्येक शिक्षकहरुलाई Laptop सहितको तालिम सञ्चालन गर्ने ।
२५. स्थानिय पाठ्यक्रम निर्माणका लागि विज्ञ सहितको पाठ्यक्रम निर्माण समिति मार्फत पाठ्यक्रम निर्माण, पाठ्यक्रम प्रवोधिकरण, पाठ्यपुस्तक निर्माण गरी कार्यन्वयन गरिनेछ ।
२६. नियमित रूपमा विद्यालय भ्रमण गरी विद्यालय/धार्मिक विद्यालय विकासका लागि सुझाव सल्लाह दिने अभिभावकलाई सम्मान गर्ने ।
२७. प्रारम्भिक वालबालिकाको अनुभव नलिइ आएको वालवालिकालाई कक्षा १ मा भर्ना नलिने ।
२८. वैकल्पिक शिक्षाका लागि अनलाइन र घुम्ती सिकाइ शिक्षाको व्यवस्थापन गर्ने ।
२९. धार्मिक विद्यालयमा वालविकास केन्द्र स्थापना गर्ने ।
३०. धार्मिक विद्यालयहरुलाई थप व्यवस्थित र सुधार गर्दै लगिने छ ।
३१. अनौपचारिक/बैकल्पिक सिकाइको अवसर प्रदान गर्न प्रदेश सरकार, संघ सरकार र अन्य सिकास साझेदारहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
३२. राष्ट्रिय योग्यता प्रारुप सघन रुपमा संचालन गरि प्रत्येक नागरिकलाई प्रमाणपत्र सहितको सीपयुक्त तथा शैक्षिक जनशक्ति बनाइनेछ ।
३३. विपद् तथा संकटमा उद्दार र शिक्षण सिकाइलाई निरन्तर दिन शिक्षा समूहद्वारा विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यन्वयन गरिनेछ ।

## २.७ उपलब्धी :

१. सबै वालवालिकाको विद्यालय/धार्मिक विद्यालय शिक्षामा पहुँच सुनिश्चित हुनेछ ।
२. भौतिक पुर्वाधार सहित वालमैत्री, लैंगिकमैत्री र छात्रमैत्री विद्यालय/धार्मिक विद्यालयको वातावरण सृजना हुनेछ ।
३. दक्ष प्राविधिक जनशक्ति सहितको शिक्षण सिकाइ क्रियाकलाप प्रविधिमैत्री हुनेछ ।
४. सक्षम र आत्मनिर्भर विद्यालय/धार्मिक विद्यालय निर्माण हुनेछ ।
५. विद्यार्थीको नियमितता र अतिरिक्त क्रिपाकलापमा सहभागिता सुनिश्चित हुनेछ ।
६. वैकल्पिक शिक्षाले गर्दा सम्पुर्ण नागरिकमा आधारभुत शिक्षाको पहुँच हुनेछ ।
७. सरोकारवाला निकायहरु विद्यालयप्रती जवाफदेही र उत्तरदायी हुनेछ ।

८. स्थानीय पाठ्यक्रम लागु भएको हुनेछ ।
९. साक्षर पालिका हुनेछ ।
१०. तोकिएको उमेर समुहको वालबालिकाहरु बालशिक्षाको अनुभव सहित कक्षा १ मा विद्यार्थी भर्ना हुनेछ ।
११. अनौपचारिक/वैकल्पिक शिक्षा सञ्चालन हुनेछ ।
१३. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन हुनेछ ।
१४. प्रविधियुक्त तथा सीपयुक्त शैक्षिक जनशक्ति तयार हुनेछन ।
१६. समृद्ध सुवर्ण र सुखी सुवर्णबासीको अवधारणा सकार हुनेछ ।

## २.८ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिणात्मक नतिजा)

यस योजना अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिणात्मक नतिजा) निम्नबमोजिम हुनेछ :

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | २०८९ | २०९१ | सूचकको स्रोत | तथ्यांक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ४९ .४ | ४९.४ | ५३.९४ | ५८.९१ | ६४.३४ | ७१ | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ४०.८ | ४५.६१ | ५१.०२ | ५७.०२ | ६३.८५ | ७५ | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 | | | | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ६७.० | ७०.४४ | ७४. | ८८.११ | ९९.९३ | १०० | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १००० | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०८.८ | १०७.४३ | १०६.१३ | १०४.८४ | १०३.५७ | १०१.५ | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | | | |
| २.३ | | स्थानीय | ९५.३ | ९६ | ९७.५ | ९८.५ | ९९ | ९९ .५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर (%) | स्थानीय | ८२.२ | ८४.८४ | ९३.१ | ९४.१ | ९५.१ | ९८ | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ११३ | १११ | १०९ | १०७ | १०५ | १०२ | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९३.४ | ९४.०३ | ९५.३ | ९६.२ | ९८ | ९९ | | |
| | | राष्ट्रिय | ९३.० | | | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ५९.४ | ६७.८४ | ७८.७७ | ८८.७९ | ९६.९२ | १०० | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | | | |
| २.९ | आधारभूत तहमा (कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | ४५.२१ | ३५.० | ३०.० | १५.० | ८.० | २.० | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.१८ | १.१५ | १.१३ | १.११ | १.०९ | १.०० | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ७८.५ | ८०.९१ | ८३.४० | ८५.९६ | ८८.५९ | १०० | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ७८.५ | ८०.९१ | ८३.४० | ८५.९६ | ९०.५९ | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ४६.८ | ५१.०६ | ६५.५ | ७२.२१ | ८०.९ | ९६.८ | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ४३.८ | ५०.७२ | ५९.४० | ६७.४९ | ७८.९९ | ८६ | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.१८ | १.१५ | १.१५ | १.११ | १.०९ | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | २३.०४ | २०.८२ | १५.१२ | १०.३४ | ५.४५ | ० | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | २३.०४ | २०.८२ | १५.१२ | १०.४५ | ५.४५ | ० | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | १२.१ | १६ | २२ | २९ | ३९ | ४६ | | |
| | | | राष्ट्रिय | ४3.७ | ४५.० | ५०.० | ५०.० | | | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | १२.२ | ३३.२५ | ४८.०४ | ६९.४१ | ८३.४३ | १०.० | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | २२.०९ | २७.५० | | ४४.१३ | ७४.७० | ९७.१८ | | | |
| | | राष्ट्रिय | **७१.४** | | | | **९९.०** | | | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ०.९३ | ०.९४ | | ०.९५ | १.०० | | १.०० | | |
| | | राष्ट्रिय | **१.०२** | **१.००** | | **१.००** | **१.००** | | | | |
| | | राष्ट्रिय | **९७.५** | | | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | २६.५ | ३१.५६ | | ३६.६७ | ४३.१२ | ५५.८६ | | | |
| | | राष्ट्रिय | **६०.३** | | | | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | १५.५ | | | | | | | | |
| | | राष्ट्रिय | **२४.०** | | | | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १० | १३ | | १८ | २४ | ३२ | | | |
| | | राष्ट्रिय | **२०.६** | **२२.०** | | **२७.०** | **३३.०** | | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६३ | ६५ | **६८** | **७०** | ७५ | ८० | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | | गणित | स्थानीय | ५४ | ६० | **६५** | **७०** | ७५ | ८० | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | | विज्ञान | स्थानीय | ३७ | ४५ | **५५** | **६०** | ६५ | ७५ | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४९ | ५५ | **६०** | **६५** | ७० | ७५ | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ३६.६ | ८० | | ९० | ९५ | | ९५.५ | | |
| | | राष्ट्रिय | **५८.०** | | | **९५.०** | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ४८.३ | ८० | ९० | ९५ | | ९८ | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ६५.५ | ९० | ९५ | ९८ | | ९९ | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | | |
| | | राष्ट्रिय | ३१.० | ४०.० | ५०.० | ७५.० | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ८३:१ | ७०:१ | ५९:१ | ४०:१ | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १०८:१ | ९०:१ | ८०:१ | ७०:१ | ६०:१ | ४५:१ | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १०८:१ | ५८:१ | ५२:१ | ५०:१ | ४५:१ | ४०:१ | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ६९:१ | ५०:१ | ४०:१ | ३५:१ | ३५:१ | ३५:१ | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | | | |
| ६.५ | माध्यमिक तह (कक्षा११-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १४८:१ | १४०:१ | १२५:१ | ११५:१ | ११०:१ | ९०:१ | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | | | |
| **७.** | **शिक्षामा लगानी** | | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | १२ | १२ | १५ | १५ | २० | २० | | |
| | | राष्ट्रिय | ६.९३ | १०.० | १५.० | २०.० | | | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | | | |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | | | |

## परीच्छेद-३ शिक्षाको मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक विकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकास बालबालिकाको ईसिडिमा मानसिक, संवेगात्मक, सामाजिक र बौद्धिक विकासलाई सुनिश्चित गर्ने समग्र प्रक्रिया हो। यस अवधिमा बालबालिकामा स्वस्थजीवनशैली, सिर्जनात्मकसोच, भाषिकदक्षता, सञ्चारक्षमता, र सामाजिकमूल्यमान्यताहरूको विकास गर्ने अवसर प्रदान गर्न शिक्षाको विशेष महत्व हुन्छ। नेपालको संविधानको धारा ३९ को उपधारा ३ ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागीताको हक हुनेछ भनी सुनिश्चिगरेको छ शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगका रूपमा स्थापित गरेको छ। राष्ट्रिय पाठ्यक्रमप्रारूप, २०७६ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास कार्यक्रम र चार वर्षभन्दामुनिका बालबालिकाका लागि शिशुविकासकेन्द्र मार्फत शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासका गतिविधि सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ।

त्यसै गरि सौह्र योजनाले बालविकास केन्द्रहरूलाई विद्यालय शिक्षाको आधारभूत हिस्साका रूपमा विकास गर्ने लक्ष्य सहित सबैबालबालिकालाई यसको पहुँचमा ल्याउने रणनीति तय गरेको छ। यसअन्तर्गत, स्थानीय तहले बालविकासकेन्द्रहरूको व्यवस्थापन, अनुगमन, र गुणस्तर सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। त्यसै गरि स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रारम्भिक बालविकास र शिक्षासम्बन्धीनीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन स्थानीयतहबाट नै हुने व्यवस्था गरेको छ यस्तै सुवर्ण गाउँपालिकाले पनि प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी, समावेशी, र बालमैत्री बनाउँदै यसको गुणस्तर उन्नयनमा विशेष प्राथमिकता दिएको छ। बालबालिकाको शारीरिक, मानसिक, र सृजनात्मक विकासलाई प्रवर्द्धन गरी उनीहरूलाई आधारभूत शिक्षाका लागि सक्षम बनाउने उद्देश्यले, गाउँपालिकाले यस क्षेत्रमा दीर्घकालीन र दिगो विकासको दृष्टिकोण सहित बालमैत्री सिकाइ वातावरण निर्माणमा निति लिएको छ। बारा जिल्ला सुवर्ण गाउँपालिकामा जम्मा २६ वटा प्रारम्भिक बालविकास केन्द्रहरु हाल संचालित छन्। जुन सामुदायिक विद्यालयमा आधारित छन्। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको तथ्याङ्क अनुसार सामुदायिक विद्यालयमा आधारित प्रारम्भिक बालविकास तथा शिक्षामा शैक्षिक सत्र २०८२ मा भर्ना भएका बालबालिकाको जम्मा संख्या १६०६ मध्ये छात्रा ८४४ (५२.५५%)र छात्र ७६२ (४७.४४%) छन्। त्यसै गरी संस्थागत विद्यालयमा भर्ना भएका बालबालिकाको जम्मा संख्या २४४ मध्ये छात्रा १०० (४०.९८%) र छात्र १४४ (५९.०१%) छन ।

### ३.१.२. उदेश्य:

प्रारम्भिक वालविकास तथा शिक्षको अवसर सुनिश्चित गर्न निम्नलिखित उदेश्यहरु राखेका छनः-

- ४ वर्ष उमेर समुहका सवै वालवालिकाहरुलाई प्रारम्भिक वालविकास र शिक्षामा सहभागितामुलक पहुँच सुनिश्चित गर्नु ।
- सवै वालवालिकालाई वालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु,
- प्रारम्भिक वालविकास र शिक्षाको गुण्स्तर सुनिश्चित गर्नु,

### ३.१.३. रणनीति

उल्लेखित उदेश्यहरु हासिल गर्नकालागि देहायवमोजिम का रणनीतिहरु तय गरिएका छनः-

- ४ वर्ष उमेर समुहका सवै वालवालिकाहरुलाई प्रारम्भिक वालविकास शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठयक्रम र ढाचाँअनुसार पारम्भिक वालविकास तथा शिक्षा सञ्चालन गर्ने ।

- नमुना वालविकास केन्द्र स्थापना गर्ने,
- प्रारम्भिक वालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
- वालकक्षा व्यवस्थापन कक्षा सजावट प्रविधिमा आधारित शैक्षिक सामग्री बाल शिक्षण अध्ययनको व्यवस्थापन गर्ने ।
- राष्ट्रिय पाठयक्रम प्रारुपमा आधारित भई प्रारम्भिक वालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।
- ECD सिकाइ क्षेत्र अनुसारको कक्षाकोठा निर्माण गर्ने।
- ECD शिक्षकहरुको तलवभत्ता वृद्धि गर्ने ।
- ECD का सम्पुर्ण सहजकर्तालाई तालिम व्यवस्थापन गर्ने ।

## ३.१.४. उपलब्धि र नतिजा

**उपलब्धि**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पँहुच हुनेछ ।
- निर्धारित मापदण्ड, पाठयक्रम र दायरा अनुसार प्रम्भिक वालविकास तथा शिक्षा सञ्चालन हुनेछ ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाहको तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुनेछ |
- एक वडा १ नमूना वालविकास केन्द्र स्थापना हुनेछ ।
- ४ वर्ष उमेर भएका सबै वालवालिकाहरुको वालविकास र शिक्षामा सहभागिता मूलक सुचिश्चित हुनेछ ।
- सवै वालवालिकालाई प्रारम्भिक वालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराइनेछ ।
- प्रारम्भिक वालविकास र शिक्षाको गुणस्तर सुनिश्चित हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | ४९.४ | ५३.९४ | ५९ | ६४ | ७५ | ८० |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा खुदभर्ना दर | ४०.८ | ४५.६१ | ५२ | ५९ | | १०० |
| ३ | तोकिएको न्यूनतम योग्यता र तालिम | ५० | ७५ | | ८० | | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्राप्त गरेका शिक्षक संख्या | | | | | | |
| ४ | नमूना प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ० | १ | २ | ३ | ४ | ५ |
| ५ | न्यूनतम मापदण्ड पुरा गरेको प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ५ | १० | १५ | २० | २५ | ३० |

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेटहरू | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | हजारमा (०००) | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | २ | ४ | ६ | १० | २३ | ८०० | ४ | संघ, प्रदेश र स्थानीय तह |
| २ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास तथा पुनर्ताजकी | पटक | १ | | १ | | १ | सवै | ७०० | ६ | संघ, प्रदेश र स्थानीय तह गैसस |
| ३ | प्रारम्भिक बालविकास तथा कक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गाउँपालिका स्तरको न्यूनतम मापदण्डहरू विकास, प्रवोधिकरण तथा कार्यान्वयन गरिने | पटक | १ | | | | १ | २ | ५० | ४ पटक | संघ, प्रदेश र स्थानीय तह |
| ४ | सुरक्षित तथा अपांगमैत्री शौचालय सहितको कम्तिमा एउट छुटै कक्षाकोठाको व्यवस्था गरिने | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ | २००० | सबै | संघ, प्रदेश र स्थानीय तह गैसस |
| ५ | मापदण्डले तोके अनुसारको पूर्वाधार सिकाइ क्षेत्र, केन्द्रको भित्रि र बाहिरि सिकाई तथा खेल सामाग्री आदिको व्यवस्थापन गरिने | पटक | १ | | १ | | १ | ३ | १२०० | ६ | संघ, प्रदेश र स्थानीय तह गैसस |
| ६ | बालबालिकाको मानसिक रूपमा स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख | पटक | १ | १ | १ | १ | १ | ५ | २०० | १० | संघ, प्रदेश र स्थानीय तह गैसस |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन, बृद्धि अनुगमन गरी कुपोषण भएका बालबालिकाको लागि आवश्यक प्रबन्ध गरिने | | | | | | | | | |
| ७ | प्रत्येक वडामा कम्तिमा एक वटा नमुना प्रारम्भिक बालविकास तथा कक्षा स्थापना तथा सञ्चालन गरिने | संख्या | १ | १ | १ | १ | १ | ५ | २५० | ९ | संघ, प्रदेश, गाउँपालिका, वडा, गैसस |
| ८ | उत्कृष्ट प्रारम्भिक बालविकास कक्षालाई प्रोत्साहन अनुदान कार्यक्रम व्यवस्थापन गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | १० | गाउँपालिका, वडा |

## ३.२. आधारभूत शिक्षा

### ३.२.१. वर्तमान अवस्था

सुवर्ण गाउँपालिकाका आधारभूत विद्यालयको संख्या ३१ रहेको छ, जहाँ ३७९३ छात्रा र ४४२४ छात्र गरी कुल ८२१७ विद्यार्थी अध्ययनरत छन्। विद्यालयमा १४ महिला शिक्षक र १३५ पुरुष शिक्षक गरी जम्मा १४९ शिक्षक कार्यरत छन्। कक्षा १-५मा विद्यार्थी र शिक्षकको अनुपात ९५:१ रहेको छ भने कक्षा ६-८ मा यो अनुपात १४०:१ छ। यस्तो अनुपात गुणस्तरीय शिक्षा सुनिश्चित गर्न चुनौती पूर्ण देखिन्छ। त्यसतै सुवर्ण गाउँपालिकाको अधारभुत शिक्षा (कक्षा१-८) को तथ्याङ्कले उमेर अनुसारका बालबालिकाको विद्यालय पहुँच र समग्र भर्नादरको अवस्थालाई केलाउने हो भने कक्षा १ मा सहजै देखिने प्रवेशदर (GER) २०८१-८२ मा १०५.६% बाट २०८५-८६ मा १०२.८८% पुगेको छ, जसले कक्षा १ मा भर्ना हुने विद्यार्थीहरूको संख्या क्रमशः वृद्धि भइरहेको संकेत गर्छ। त्यस्तै, कक्षा १ को खुद प्रवेशदर (NIR) पनि ६७.०% बाट ८१.८८% मा वृद्धि भएको छ, तर यो दर अझै१००% पुग्न बाँकी रहेको देखिन्छ। लैङ्गिक समता सूचकाङ्क (GPI) मा सुधार भए पनि यो स्थिर रूपमा १.०२-१.०१को बीचमा रहेको छ, जसले केटीहरू र केटाहरू बीचको भर्ना दरको सन्तुलन अझै सुधार गर्नुपर्ने आवश्यकता औंल्याउँछ। कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये ECED अनुभव भएका विद्यार्थीहरूको संख्या १६०७ बाट २०४७ मा पुगेकोछ, तरतथ्याङ्कले ECED अनुभव नभएका बालबालिकाको नकारात्मक प्रतिशत देखाउँछ, जसले तथ्याङ्क व्यवस्थापनमा त्रुटिहुन सक्ने संकेत गर्दछ। यसले प्रारम्भिक बाल्यकाल शिक्षाको प्रभावकारिता सुनिश्चित गर्न र यस बारे थप स्पष्टता ल्याउन अध्यायन आवश्यक देखिन्छ। आधारभूततह (कक्षा१-५) मा सहजै देखिने भर्नादर (GER) बाट घटेर ९८.२% मा आएकोछ, जबकि खुद भर्नादर(NER) ८२.९% बाट ९८.२% मा वृद्धि भएको छ। कक्षा६-८ मा पनि GER ४६.५% बाट ५१.१४% मा र NER ४२.६ बाट ४७.३५% मा पुगेको छ। यद्यपि, कक्षा १-८ मा GER ७८.५% र NER ६७.५% रहेको देखिन्छ, जसले सबै बालबालिकालाई विद्यालय भर्ना गराउन अझै प्रयास गर्नुपर्ने आवश्यकता देखिन्छ । यस पालिकाले कक्षा १-८ का शिक्षण सिकाइ आधारका लागि गरिएका प्रयासहरु:-

- स्थानीय सरकारद्वारा शिक्षक भर्ना,
- शिक्षक डायरीको व्यवस्थापन,
- एकीकृत पाठ्यक्रम लागु,
- ग्रेड शिक्षण लागु,
- शैक्षिक क्यालेन्डर अनुसार गाउँस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन ।
- शिक्षकहरुका लागि मागमा आधारित तालीम ।
- वालक्लव, छात्राक्लव, गुनासो सुनवाइ समिति सक्रिय रहेको,
- विभिन्न संघ संस्थाद्वारा शैक्षिक गतिविधिमा सहयोग,

**समस्याः**

- कक्षा दोहर्याउने दर बढी भएको ।
- शिक्षक विधार्थी अनुपात नमिलेको ।
- विद्यार्थीको  नियमित उपस्थिति न्यून रहेको ।
- स्थानीय पाठयक्रम लागु नभएको ।
- English Medium मा शिक्षण क्रियाकलाप सञ्चालन नहुनु ।
- मुख्य तथा अनिवार्य विषयको सिकाई उपलब्धि कमजोर हुनु।
- बिषय शिक्षकको कमी हुनु।

## ३.२.२. उदेश्यः

- अनिर्वाय तथा निशुल्क आधारभुत शिक्षा कार्यान्वयन गर्ने,
- विधार्थीको उपस्थितिमा नियमितता ल्याइ सिकाइ उपलब्धी वृद्धि गर्ने,
- शिक्षक विधार्थी अनुपात मिलाउने ।
- आधारभुत तहको भौतिक तथा शैक्षिक वातावरण वालमैत्री, सिकाइमैत्री समावेशी, भयरहित र सुरक्षित बनाउने ।

## ३.२.३. रणनीतिः

माथि उल्लेखित उदेश्यहरु प्राप्त गर्नका लागि देहाय बमोजिमका रणनितिहरु तय गरीएका छनः-

- कक्षा ३ सम्म एकीकृत पाठयक्रमका आधारमा कक्षा शिक्षण कार्यान्वयन गर्ने,
- स्तरअनुसारको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका वालवालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्ने ।
- आपेक्षित सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन तथा उपचरात्मक शिक्षण गर्ने ।
- उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यालय घोषणा गर्ने ।
- विद्यालय शिक्षालाई विविधता अनुकुल, समावेशि र समतामूलक वनाउन स्थानीय परिवंशअनुकुल सिकाइ क्रियाकलप सञ्चालन, भाषिक विविधता अनुकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक संस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रकृयाको प्रयोग गर्ने ।
- विद्यालयमा वालउधान, फूलवारी करेसावारी, वृक्षारोपन सहित विभिन्न क्रियाकलाप समावेश गर्ने ।
- शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय प्रकृतिक प्रकोप, सङ्कट तथा महामारी र जलवायु परीवर्तन जस्ता परिस्थितिप्रति उत्थानशील वनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

## ३.२.४. प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- अनिवार्य तथा निशुल्क आधारभुत शिक्षामा सवैको पहुच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
- आधारभुत तहको शिक्षाको गुण्स्तर वृद्धि भएको हुनेछ ।
- शिक्षक विद्यार्थी अनुपात मिलेको हुनेछ ।
- आधारभुत तहको भौतिक तथा शैक्षिक वातारण वालमैत्री सिकाइमैत्री, समावेशी, भयरहीत र सुरक्षित हुनेछ ।
- स्थानिय पाठयक्रम लागु भएको हुनेछ ।
- शिक्षकहरु तालिमप्राप्त हुनेछ ।
- सबै वालबालिकाले आधारभुत तह पुरा गर्ने सुनिश्चता हुनेछ ।

**नतिजा**

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह(प्राथमिक कक्षा १-८)मा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | २३.४ | २०.८२ | १८.१२ | १५.३४ | १२.४५ | ० |
| २ | आधारभूत तह(कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सँख्या (एकीकृत पाठ्यक्रम तथा ५ दिन सम्मको तालिम) | ५० | ६५ | ७५ | ८५ | १०० | सबै |
| ३ | वृहत विद्यालय सुरक्षा कार्यक्रम लागु भएका विद्यालय संख्या | ० | २ | ५ | १० | १५ | २४ |
| ४ | बालमैत्री तथा अपाङ्गमैत्री विद्यालय संख्या | ० | २ | १५ | २० | २५ | सबै |
| ५ | विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी पुगेको विद्यालय संख्या | ५ | ७ | ९ | ११ | १२ | १५ |

### ३.२.५ प्रमुखक्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेटहरू | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | हजारमा (000) | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | २ | ३ | ४ | १३ | २३ | ५० | | संघ, प्रदेश र गाउँपालिका |
| २ | शिक्षक र विद्यार्थी अनुपातको आधारमा शिक्षक व्यवस्थापन र दरबन्दी पुनर्मिलान | पटक | १ | १ | १ | १ | २ | ६ | ५० | ३ | संघ, गाउँपालिका |
| ३ | आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने | प्रतिशत | ९९ | ९९.५ | | | | ९९.८ | ५०० | १०० | संघ, प्रदेश, गाउँपालिका, वडा, CLC, गैसस |
| ४ | विद्यालयमा न्यूनतम भौतिक विकास (भवन तथा कक्षा कोठा, फर्निचर, खानेपानी, शैचालय, घेरावेरा, खेलमैदान, खाजा घार आदि) | विद्यालय संख्या | १० | १३ | १५ | १७ | २० | | ७०००० | सबै | संघ, प्रदेश गाउँपालिका, गैसस |
| ५ | उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम | विद्यालय संख्या (पटक) | २ | २ | २ | २ | २ | १० | ७५० | सबै | गाउँपालिका |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउने योजना तयार गरी कार्यान्वयन | योजना तयारि पटक | १ | | | | १ | २ | ५०० | निरन्तर | संघ, प्रदेश, गाउँपालिका, गैसस |
| ७ | सिकाईका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्धि गरि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गरिने | पटक | १ | | १ | | १ | ३ | ४७५० | ५ | संघ, गाउँपालिका, गैसस |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाई कुनाको व्यवस्था गरिन | संख्या | ५ | ३ | २ | २ | २ | १४ | ३५०० | सबै | संघ, गाउँपालिका, गैसस |
| ८ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाइने | पटक (वार्षिक) | निरन्तर | | | | | | ५०० | निरन्तर | गाउँपालिका |
| ९ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिन | पटक | १ | | १ | | १ | ३ | ५०० | ६ | संघ, गाउँपालिका, गैसस |
| १० | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने र निर्धारित लक्ष्य हाँसिल गर्न व्यवस्थापनमा स्वायत्तता दिंदै अनुगमनलाई नतिजामुलक बनाउदै लगिने | पटक | १ | | १ | | १ | ३ | ५० | ६ | गाउँपालिका |
| ११ | विद्यार्थी प्रतिभा पहिचानको लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | १० | गाउँपालिका, गैसस |

## ३.३. माध्यमिक शिक्षा:

### ३.३.१. वर्तमान अवस्था:

माध्यमिक शिक्षा (कक्षा९-१२) ले मानवीय मूल्य, कला, संस्कृति, विज्ञान, प्रविधि तथा व्यवहारिक सीप विकास गरी सक्षम र उत्पादनशील जनशक्ति तयार गर्ने लक्ष्य राख्छ। संविधान र शिक्षा नीति, २०७६ अनुसार यो तह निःशुल्क र अनिवार्य बनाइएको छ। साधारण, परम्परागत, र प्राविधिक धारका कार्यक्रमहरूले उच्च शिक्षा र श्रम बजारमा प्रवेशको मार्गप्रशस्त गर्दछन्। सुवर्ण गाउँपालिकामा सामुदायिक विद्यालयहरूको संख्या २३ रहेको छ, जसमा आधारभूत तह (कक्षा१-५) का १७, निम्नमाध्यमिक तह (कक्षा६-८) का ४, माध्यमिक तह (कक्षा९-१०) का १, माध्यमिक तह (कक्षा११-१२) का २, विद्यालय छन्। धार्मिक विद्यालयहरूको संख्या ५ रहेको छ भने निजी तथा संस्थागत विद्यालय दर्ता भएको ६ वटा रहेका छन् ।माध्यमिकतह (कक्षा९-१२) मा कुल ९४३ विद्यार्थी अध्ययनरत छन्, जसमध्ये ४८१ जना छात्रा र ४६२ जना छात्र छन्। दलित विद्यार्थीहरूको सहभागिता कक्षा ९-१० मा ६५ जना र कक्षा ११-१२ मा ३४ जना रहेकोछ। विद्यार्थी भर्ना दरमा चुनौती देखिन्छ। कक्षा९-१० मा कुल भर्नादर ३३% र खुद भर्नादर १९.४% मात्र छ भने कक्षा११-१२मा कुल भर्नादर १३.४% र खुद भर्नादर५.४% रहेको छ। कक्षा १-१२ सम्म विद्यालय बाहिर रहने बालबालिकाको प्रतिशत ७१.२% छ। कक्षा१ मा भर्ना भई कक्षा १० सम्म पुग्नेदर २६.५%, टिकाउ दर २९.६% र कक्षा १० पास गर्ने दर २५.८%

मात्र रहेको छ। शिक्षक अनुपात पनि चिन्ताजनक देखिन्छ।कक्षा९-१० मा शिक्षक अनुपात १०४:१ छ भने कक्षा ११-१२ मा यो अनुपात १५७:१ रहेको छ।महिला शिक्षकको उपस्थिति पनि न्यून छ,कक्षा ९-१० मा १०%,कक्षा ११-१२ मा ००%,मात्र छ।माध्यमिक तह कक्षा ९-१२ मा लैङ्गिक सूचकाङ्क ०.९५रहेकोछ,जसले छात्रा र छात्रबीच केही असमानता रहेको देखाउँछ।यस आधारमा,सुवर्ण गाउँपालिकामा सामुदायिक विद्यालयहरूको भौतिक संरचना सन्तोषजनक भएपनि विद्यार्थी भर्नादर,टिकाउदर,र शिक्षक अनुपातमा सुधार गर्नुपर्ने आवश्यकता छ।विशेष गरी गुणस्तरीय शिक्षा प्रवाहका लागि शिक्षक-विद्यार्थी अनुपात सन्तुलन,महिला शिक्षकको सहभागिता वृद्धि,र विद्यालय बाहिररहेका बालबालिकालाई विद्यालय भित्रल्याउन ठोस रणनीति अवलम्बन गर्न आवश्यक छ।माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्था पनि हुन सकेका छैन र मापदण्ड अनुसारको माध्यमिक विद्यालयहरूमा प्रयोगशाला र पुस्तकालय कक्ष,आवश्यक सामाग्री तथा लाइब्रेरियनको व्यवस्था अभाव रहेको। कम्प्यूटर शिक्षक दरबन्दी कुनै पनि माध्यमिक विद्यालयमा छैन

**माध्यमिक शिक्षा सुधारका लागि गाउँपालिका द्धारा गरिएका सुधारका प्रयासहरुः-**

- शिक्षकहरुका लागि मागमा आधारीत तालिम,
- सक्रिय वालक्लव, छात्रक्लव र गुनासो सुनवाइ समिति,
- गाउँपालिका स्तरीय अतीरिक्त क्रियाकलाप सञ्चालन,
- दैनिक पाठयोजना निर्माणकालगि शिक्षक डायरी लागु,
- पुस्तकालय-विज्ञान९ ल्याव र कम्प्युटर लयावको स्थापना
- प्रत्येक वर्ष राष्ट्रिपति रनिङ्ग सिल्ड प्रतीयोगिता सञ्चालन
- स्थानीय सरकारद्वारा शिक्षक भर्ना,
- नियमित प्र अ वैठक,
- विद्यालयहरुको गुनासो सम्बोधनका लागि गाउँ शिक्षा समितिमा छलफल ।

**<u>समस्याहरुः</u>**

- तहगत, विषयगत र बिधार्थी सख्याको आधारमा दरवन्दीको अभाव,
- अन्य संस्थागत विधालयमा अध्ययन गर्ने र सामुदायिक विद्यालयमा भर्ना भई परीक्षा दिने गलत परीपाटी,
- अभिभावकको लगानी र सहभागिता नहुनु ।
- अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि सभाहल नहुनु ।
- प्रविधिमैत्री शिक्षक तथा कर्मचारी संख्या न्यून हुनु ।
- विद्यार्थी संख्या वढी भएको विद्यालयमा सेक्सनको व्यवस्था नहुनु ।
- विद्यार्थी संख्याको आधारमा Wash सहितको समावेशी शौचालय निर्माण नहुनु ।
- छात्राहरुको लागि महिनावारी स्वच्छता कक्षको ब्यवस्थापन नहुनु ।
- प्राविधिक धारको विधालय नहुनु ।

### ३.३.२. उदेश्यः

- खुद भर्नादर बृद्धि गर्नु ।
- माध्यमिक शिक्षामा समतामूलक पहुच तथा सहभागिता सुनिश्चित गर्नु ।
- माध्यमिक तह पुरा गर्ने दरमा बृद्धि गर्नु ।
- माध्यमिक तहको भौतिक तथा शैक्षकि वातावरण-वालमैत्री, प्रविधीमैत्री, समावेशी र सुरक्षित बनाउनु,
- विषयगत शिक्षक दरवन्दी व्यवस्था र वृति विकासमा जोड दिनु,
- प्राविधिक धारको विधालय संचालन तथा ब्यवस्थापन गर्नु

### ३.३.३. रणनीतिः

**माथि उल्लेखित उदेश्यहरु हासिल गर्न देहाय बमोजिमको रणनितिहरु अपनाइने छः-**

- विधार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गर्ने,
- सवै विद्यालयमा PMEC सुनिश्चित गर्ने ।
- प्राविधिमैत्री, दक्ष तथा तालिम प्राप्त विषयगत शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेशागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- WASH सहितको समावेशी शौचालय तथा स्वच्छता कक्ष ब्यवस्थापन गर्ने।
- शिक्षा नियमावली अनुसार प्रधानध्यापकको व्यवस्था गर्ने,
- आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विधार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,
- प्राकृतिक प्रकोप, संकट तथा महामारी र जलवायु परीवर्तन जस्ता परिस्थिति प्रति उत्थानशील वनाउने,
- अतिरिक्त क्रयाकलाप संचालनका लागि ICT को सुविधा सहित सभाहल निर्माण गर्ने,

### ३.३.४. उपलब्धि र नतिजाः

**उपलब्धि**

- माध्यमिक शिक्षा निशुल्क र समतामूलक पहुच तथा सहभागिता सुनिश्चित हुनेछ ।
- गुणस्तरयुक्त माध्यमिक शिक्षा प्रदान गरिनेछ,
- भौतिक तथा शैक्षिक वातावरण वालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित हुनेछ ।
- खुद भर्नादर सत प्रतिशत हुनेछ,
- प्रविधिमैत्री, दक्ष तथा तालिम प्राप्त विषयगत शिक्षकको व्यवस्था हुनेछ ।
- आवासिय विद्यालयका साथै यातायातको सुविधा विस्तार हुनेछ ।

**नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह(कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या | ६२९ | ६२९ | १०८४ | १२४१ | १५४९ | २०१९ |
| २ | माध्यमिक तह(कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सँख्या | ३१४ | ३१४ | ४०० | ५०० | ६०० | ८०० |
| ३ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions)पूरा गरेका माध्यमिक विद्यालय सँख्या | १ | १ | १ | | | सवै |
| ४ | प्राविधिमैत्री, दक्ष तथा तालिम प्राप्त विषयगत शिक्षक प्राप्त विद्यालय संख्या | ३ | ४ | ५ | ६ | | ७ |
| ६ | विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी पुगेको विद्यालय संख्या | २ | ३ | ४ | ५ | ६ | ७ |

## ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेटहरू | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | हजारमा (०००) | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | | १ | ० | ० | ० | १ | २ | ५० | ३ | संघ, गाउँपालिका |
| २ | मापदण्ड अनुसार शिक्षक र विद्यार्थी अनुपातको आधारमा शिक्षक व्यवस्थापन (नगर शिक्षक) र दरबन्दी पुनार्मिलान | प | १ | | | | | १ | | ३ | संघ, प्रदेश र गाउँपालिका |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) गरिने | स | १ | १ | १ | १ | १ | ५ | ३००००  | ९ | संघ, प्रदेश, गाउँपालिका, गैसस |
| ४ | शिक्षक क्षमता विकास | प | १ | | १ | | १ | ३ | २२५ | ६ | संघ, गाउँपालिका, शिक्षा तालिम केन्द्र, गैसस |
| ५ | माध्यमिक विद्यालय उमेर समुहका बालबालिकालाई विद्यालय भर्ना गर्ने | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८० | ५०० | ९८ | संघ, प्रदेश, गाउँपालिका, गैसस |
| ६ | उत्कृष्ट माध्यमिक विद्यालय प्रोत्साहन अनुदान कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | १० | संघ, गाउँपालिका |
| ७ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार कार्यक्रम संचालन गर्ने | पटक | १ | | | | | १ | १०० | १ | संघ, प्रदेश, गाउँपालिका, गैसस |
| ८ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिन | पटक | १ | | १ | | १ | ३ | १५० | ६ | संघ, गाउँपालिका, गैसस |
| ९ | सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगिता र सूचना प्रविधि प्रयोगिता स्थापना गर्रिने | पटक | १ | | | | १ | २ | ५००० | ४ | संघ, प्रदेश, गाउँपालिका |
| १० | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने र निर्धारित लक्ष्य हाँसिल गर्न व्यवस्थापनमा स्वायत्तता दिंदै अनुगमनलाई नतिजामुलक बनाउदै लगिने | पटक | १ | | १ | | १ | ३ | ५० | ६ | गाउँपालिका |
| ११ | उत्कृष्ट नतिजा हाँसिल गराउने शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने । | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | १० | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | माध्यमिक विद्यालयहरूमा गणित ल्याव स्थापना गरिने । | विद्यालय संख्या | १ | १ | १ | १ | १ | ५ | १२५० | सबै | संघ, प्रदेश र गाउँपालिका |
| १३ | विज्ञान प्रयोगशाला सहित विज्ञान विषय संचालन हुने माध्यमिक विद्यालय (कक्षा ११-१२) | विद्यालय | | १ | | | १ | २ | ५००० | ३ | संघ, प्रदेश र स्थानीय |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१

वर्तमान अवस्थामा स्थानीय सरकार संचालन ऐन २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा बैकल्पिक शिक्षा, आजीवन शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मुल्यांकन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ | यसै सन्दर्भमा यस सुवर्ण गाउँपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ |यस गाउँपालिका अन्तर्गत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु संचालनमा रहेका छन् | यसले समुदायमा रहेका नागरिकहरुलाई सीप विकास कार्यक्रम मार्फत जीवनपर्यन्त सिकाईमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ | संघीय सरकारको ससर्त कार्यक्रम मार्फत आर्थिक वर्ष २०८१/२०८२ मा साक्षरता कार्यक्रम संचालनको लागि निरक्षरहरुको तथ्यांक संकलनको कार्य भएको देखिन्छ ।

### ३.५.२ उदेश्यः

- सवै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सीप विकास तथा आयमूलक कार्यक्रम संचलन गर्ने।

### ३.५.३ रणनीतिः

**माथि उल्लेखित उदेश्य प्राप्तिका लागि देहायबमोजिमका रणनीतिहरु उपनाइनेछः-**

- सामुदायिक सिकाइ केन्द्रलाई आधारभुत सुविधासम्पन्न पुस्तकालय सामुदायिक सूचना केन्द्र,एफएम सञ्चालन र सेवाप्रभाव गर्ने वहुउदेशीय संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रुपमा विकास गर्ने,
- सामुदायक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम अधिकतम परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा संचालन गर्ने,
- सिकारुका आवश्यकता अनुसार तहगत पाठयक्रम सिकाइ र भाषिक विविधता अनुरुपका सामग्रीको प्रयोग गर्ने,
- सरोकारवाला संगको समवय-सहकार्य र साझेदारीमा अनौपचारीक प्रौढ विद्यालय, वैकल्पीक खुला तथा किशोरकिशोरी शिक्षा र प्रौढ शिक्षा संचालन गर्ने,
- सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम संचालन गर्न,
- आनौपचारीक माध्यमबाट सिकिएको ज्ञान सिपहरुको समय समयमा निरीक्षण गर्ने ।
- सामुदायिक सिकाई केन्द्र मार्फत नागरिकहरुको सीप परिक्षण र प्रमाणपत्र विवरण कार्यक्रम संचालन गर्ने |

### ३.५.४. प्रमुख उपलब्धिः

- विद्यालय बाहिर रहेका सबै नागरीकका लागि अनौपचारीक शिक्षा संचालन हुनेछ ।
- अनौपचारीक शिक्षा अन्तर्गत सिपमूलक आयमूलक र जीवनोपयोगी सिप शिक्षा संचालन हुनेछ ।
- सबै नागरीकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित हुनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारसंगको समन्वयमा सिकारुहरुको आवश्यकता अनुसार आजीवन सिकाइका नमुना मोड्युल तथा सिकाइ सामग्रीहरू विकास तथा कार्यान्वयन हुनेछ ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति/ नियमावली / कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारुप अनुरुप समकक्षता प्रदान गर्न समन्वय र सहजीकरण हुनेछ |
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्यसञ्चालन हुनेछ ।
- सङ्घ र प्रदेश सरकारसंगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारूप तयार हुनेछ ।
- सामुदायिक सिकाइ केन्द्रको समन्वयमा व्यवस्थित सामुदायिक पुस्तकालयको स्थापना र कार्यान्वयन हुनेछ |

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षरता नागरिक (१५ वर्ष देखि ५९ वर्ष) | ५५ | ६९ | ९५ | ९७ | | |
| २ | विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका अनुमानित बालबालिकाहरु संख्या | १२०० | ५०० | १०० | ५० | २० | ० |
| ३ | आधारभूत सुविधासम्पन्न सामूदायिक सिकाइ केन्द्रको सँख्या | ० | १ | २ | ३ | ४ | ५ |
| ४ | सामूदायिक पुस्तकालयको सँख्या | ० | ० | १ | | २ | ३ |
| ५ | सीप तथा ज्ञानको परिक्षण गरि प्रमाणपत्र प्राप्त गर्ने नागरिकको संख्या | ० | १०० | २०० | ३०० | ३५० | ५०० |
| | सीपमुलक तथा आयमुलक तालिम प्राप्त नागरिक | ० | १०० | २०० | ३०० | ३०० | ४०० |

### ३.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेटहरु | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | हजारमा (०००) | | |
| १ | सङ्घीय तथा प्रदेश सरकारसंग समन्वय र सहकार्यमा लागत सहभागीको प्रारूप तयार गरिने। | पटक | १ | | | | १ | २ | | ३ | संघ, प्रदेश र गाउँपालिका |
| २ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | | | | | १ | २५० | १ | गाउँपालिका, CLC, विद्यालय, गैसस |
| ३ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | निरन्तर | संघ, प्रदेश, गाउँपालिका, गैसस, विद्यालय, CLC |
| ४ | सामुदायिक विद्यालयका बालबालिकाहरुको नियमितता तथा नतिजा वृद्धि गर्न अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम संचालन गरिने | पटक | | १ | | १ | | २ | १५० | ४ | गाउँपालिका, गैसस र CLC |
| ५ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | | १ | | | १ | २ | ३०० | ४ | संघ, प्रदेश र गाउँपालिका |
| ६ | अनौपचारिक तथा आजीवन सिकाई र यसको आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समुहबाट अवधारणा पत्र तयार गरी अभिमुखीकरण गरिने | | पटक | १ | | | | १ | २ | २०० | ४ | संघ, प्रदेश, गाउँपालिका, गैसस र CLC |
| ७ | सामुदायिक पुस्तकालय तथा वाचनालयहरू स्थापना गरी सामुदायिक सिकाइ केन्द्रसंग आवद्ध गरिने । | पटक | | १ | १ | | १ | ३ | १५०० | ५ | प्रदेश, गाउँपालिका, गैसस, CLC |
| ८ | सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन, अनलाईन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र संचालन) गरिने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन् | निरन्तर | १२५ | निरन्तर | गाउँपालिका, गैसस, विद्यालय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तर | | | | |
| ९ | राष्ट्रिय योग्यता प्रारूप अनुसार योग्यता प्रमाणीकरण तथा समकक्षता सम्बन्धी कार्यविधि तयार तथा कार्यान्वयन गर्ने कार्यमा सहजीकरण गरिने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५० | निरन्तर | संघ, प्रदेश, गाउँपालिका, गैसस, CLC |
| १० | नवसाक्षरहरू र विपन्न महिलाहरूलाई समावेश गरी समूहहरू निर्माण गर्ने र कायआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै बचत गर्ने बानीको विकास गर्ने संयन्त्र निर्माण र त्यसको परिचाल गर्ने । | पटक | निरन्तर | रन्तर | रन्तर | रन्तर | रन्तर | रन्तर | ५०० | निरन्तर | संघ, प्रदेश, गाउँपालिका, गैसस, CLC |
| ११ | स्थानीय/रैथाने भाषा, कला, प्रविधि संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने । | पटक | १ | | १ | | १ | ३ | ४५० | ५ | गाउँपालिका, गैसस र CLC |

### ३.६ अन्य उपक्षेत्र

#### ३.६.१ वर्तमानअवस्था

- यस पालिका भित्र मन्टेस्वरी विधिमा आधारित कार्यक्रम हालसम्म पनि सञ्चालन हुन सकेको छैन।
- व्यावसायिक सिप र तालिम प्रदान गर्न सकिएको छैन ।
- सामुदायिक वा सार्वजनिक पुस्तकालय, वाचनालय प्रबन्ध छैन ।
- मातृ भाषामा शिक्षा, समावेशीकरण, विविधता व्यवस्थापन जस्ता कार्यक्रम समेटिएको छैनन।

#### ३.६.२. प्रमुख समस्या र चुनौतीः

- मन्टेस्वरी विधिमा आधारित कार्यक्रम सञ्चालन गर्नु ।
- विद्यालय उमेर समूह बाहेकका अन्य बेरोजगार युवा वर्गलाई व्यवसायिक सिप र तालिम दिनु ।
- सामुदायिक वा सार्वजनिक पुस्तकालय/वाचनालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नु ।
- मातृभाषामा शिक्षा, समावेशीकरण, विविधता व्यवस्थापनका कार्यक्रम ल्याउनु ।

#### ३.६.३ उद्देश्यः

- सुवर्ण गाउँपालिकालाई साक्षार गाउँपालिका घोषणा गर्नु ।
- सीपयुक्त जनशक्ति उत्पादन गर्नु ।
- समुदाय स्तरमा पुस्तकालय/वाचनालयको स्थापना गर्नु ।
- कक्षा ३ भन्दा मुनिका बालबालिकालाई मातृभाषामा शिक्षाको प्रबन्ध गर्नु ।
- समावेशीकरण, विविधता व्यवस्थापन गर्नु ।

### ३.६.४ रणनीतिः

- साक्षर अभियानमा शिक्षक, विद्यार्थी, नागरिक समाज, जनप्रतिनिधि र सामुदायिक सिकाइ केन्द्रको परिचालन गर्ने |
- राष्ट्रिय योग्याता प्रारुप कार्यान्वयन गर्न नीति तथा कार्यविधि बनाई कार्यान्वयन गर्ने ।
- १ सामुदायिक सिकाई केन्द्र एक पुस्तकालय/वाचनालयको स्थापना क्रमशः गर्ने |

## परिच्छेद-४: अन्तर सम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्य पुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्थाः

परीक्षा विद्यार्थीहरूले सिकेका ज्ञान, सीपहरूको मापन गर्ने साधन हो । हामी अझै मापन परम्परागत रूपमा चलिआएको Paper Pencil Test को माध्यमले विद्यार्थीहरूको सिकाइ उपलब्धी परिक्षण गर्दै आइरहेको अवस्था छ । परीक्षाको साधनहरूमा जती वैधता अपनाउन सक्यो मूल्याङ्कन त्यति नै विश्वसनीय र वैध हुन्छ । कक्षा १ देखि ३ सम्म १०० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन, कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाका माध्यमले मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रमले गरेको छ। आधारभूत तहको परिक्षा संचालन र व्यवस्थापनको अधिकार स्थानीय तहको कार्य क्षेत्र रहेको छ | परीक्षा व्यवस्थापनका समग्र पक्षहरूमा विश्वसनीयता र वैधता कायम गर्दै सिकाइको मूल्याङ्कनवाट सिकाइका लागि मूल्याङ्कन तर्फको सुरुवाती गर्नु आवश्यकता छ। सुवर्ण गाउँपालिकाले कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन गर्नका लागि एक आधारभूत तह संचालन तथा व्यवस्थापन समिति गठन गरी केन्द्रिकृत परीक्षा प्रणालीलाई अवलम्बन गरेको छ |

सुवर्ण गाउँपालिकाको समग्र पाठ्यक्रम र पाठ्यक्रमको उपलब्धता, पाठ्यक्रमको उपयोग र स्थानीय पाठ्यक्रमको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ :

- हाम्रो पालिकाभित्र समयमै पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता भएको देखिन्छ ।
- नेपाल सरकारले तोके अनुसारको पाठ्यक्रम लागु गराई सोही अनुसार कार्यान्वयन भइरहेको छ।
- पाठ्यक्रमले निर्दिष्ट गरेका विषय र क्षेत्र अनुसारको सिकाइ गराइएको छ।
- पालिकास्तरीय स्थानीय पाठ्यक्रम निर्माण भई शैक्षिकसत्र २०८३ मा भईसकेको छ ।
- स्थानीय पाठ्यक्रममा स्थानीय कला, संस्कृति, भुगोल, जातजाती र समुदायसम्बन्धी जानकारी गराइएको छ।

#### ४.१.२ प्रमुख समस्या र चुनौती

- नियमित उपस्थित नहुने विद्यार्थीलाई पाठ्यक्रमले निर्दिष्ट गरेका विषय, क्षेत्र र मूल्याङ्कन प्रणालीमा आवद्ध गराउनु ।
- पाठ्यक्रमले तोकेको पाठ्यभार र पाठ्यघण्टा पुरा गर्न र सक्षमता हांसिल गर्नु |
- स्थानीय पाठ्यक्रमलाई सबै कक्षा सम्म लागु गराउनु |

#### ४.१.३ उद्देश्य

१.पाठ्यक्रम आधारित भइ समयमै ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री आधारभूत तहको सबै कक्षामा सविस्तार गर्नु |
३.निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिलाई प्रभावकारी ढङ्गले लागू गर्नु |

### ४.१.४ रणनीति

उल्लेखित उद्देश्य हासिल गर्नका लागि स्थानिय तहले अपनाउने रणनीति यस प्रकार छन:-

१. चैत्र मसान्तसम्म सम्पूर्ण विद्यालयहरुमा तोकिएको नयाँ पाठ्यपुस्तक र पाठ्यसामाग्रीहरु उपलब्ध गराउने ।
२. पाठ्यक्रम विकासकेन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसाम्रागी सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रवोधिकरण गर्ने ।
३. पाठयक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने।
४. विपत, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिवाट शिक्षण सिकाई क्रियाकलाप संञ्चालन गर्न सक्ने बैकल्पिक व्यवस्थाको पुर्व तयारी गर्ने।
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोतसाम्रगी, विद्यार्थीका लागि सिकाई सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामाग्री साहितको पुस्तकालय तथा ई-पुस्तकालय विस्तार गर्ने ।
६. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
७. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने ।
८. सहपाठी सिकाई समूह गठन गरी कमजोर सिकाई क्षमता भएका वालवालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
९. विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षाको वृति विकाससँग आवद्ध गरी प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
१०. निरन्तर विद्यार्थी मुल्याङ्कनलाई शिक्षण सिकाईको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

योजनाको कार्यान्वयनवाट हासिल **हुने** मुख्य उपलब्धि निम्न लिखित छन्:-

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
२. समयमै पाठ्यपुस्तक र पाठ्यक्रम उपलब्ध भएको हुनेछ ।
३. सम्पूर्ण विद्यालयहरुमा पुस्तकालय तथा ई-पुस्तकालय निर्माण भएको हुनेछ ।
४. स्थानिय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
५. एकीकृत पाठ्यक्रम पूर्ण कार्यान्वयन भएको हुनेछ ।
६. निरन्तर, आवधिक तथा स्तरीकृत मुल्यांकन पद्धतिको कार्यान्वन भई विद्यार्थीका सिकाई उपलब्धिमा सुधार आएको हुनेछ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | १५ | २३ | सबै | सबै | सबै | सबै |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | १ | २ | ३ | ४ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | ० | ५ | १० | १५ | २० | सबै |
| ६ | स्थानीय पाठ्यक्रम लागु भएको विद्यालय संख्या | ० | सबै | सबै | सबै | सबै | सबै |
| ७ | पुस्तकालय तथा ई-पुस्तकालय निर्माण भएको विद्यालय संख्या | ३ | ४ | ५ | ७ | ९ | २८ मदर्सा समेत |

### ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेटहरू | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | हजारमा (000) | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | २ | ४ | ५ | १ | १३ | ७०० | ५ | संघ, प्रदेश,स्थानीय तह, शिक्षा तालिम केन्द्र, गैसस र CLC |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | निरन्तर | स्थानीय तह, विद्यालय |
| ३ | स्थानीय पाठ्यक्रम अन्तर्गत पाठ्यपुस्तक विकास गरिने। | पटक | २ | ३ र ४ | ५ र ६ | ७ र ८ | | | १५०० | | स्थानीय तह |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| ४ | परम्परागत ज्ञान, सीप र प्रविधिलाई स्थानीय पाठ्यक्रममा समायोजन, परिमार्जन र विकास गरिने। | पटक | | | १ | | | १ | ५० | २ | स्थानीय तह |
| ५ | निर्देशिका, कार्यविधि तथा मार्गदर्शन अभिमुखीकरण तथा प्रबोधिकरण गरिने । | पटक | १ | | १ | | १ | ३ | १५० | ६ | स्थानीय तह गैसस |
| ६ | अभिभावक शिक्षाको पाठ्यक्रमको विकास र कार्यान्वयन गरिने। | पटक | | १ | | | | १ | १५० | २ | संघ, प्रदेश,स्थानीय तह र CLC |
| ७ | स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण तथा प्रयोग गरिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३०० | निरन्तर | विद्यालय, वि,व्य.स. र शिक्षक |
| ८ | विपद्को र संकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास गरिने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३०० | निरन्तर | संघ, प्रदेश,स्थानीय तह, विद्यालय, गैसस, CLC |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

योग्य आमाले घर नै उज्यालो पारे जस्तै योग्य शिक्षकले विद्यालय नै उज्यालो पार्दछन्। यसर्थ सिकाइमा शिक्षकलाई कुशल आमातुल्य बनाउनु आजको आवश्यक्ता देखिन्छ।

समग्र सिकाइ प्रकियाको लाभग्राही सिकारु अर्थात् विधार्थी हुन् भने त्यसको सञ्चालनको भूमिकामा रहने व्यक्ति भनेको शिक्षक नै हुन्। यसर्थ शिक्षक जति सशक्त दक्ष हुन सक्यो विधार्थी त्यहि अनुपातमा योग्य बन्न सक्छन्।

आफ्नो पेशाप्रति इमान्दार, लगनशील र सिकाइ सहजिकरणमा कुशल सहजकर्ताका रुपमा शिक्षकलाई विकास गर्नु आजको टड्कारो आवश्यकता हो। विषेश गरी पेशागत दक्षताले पुर्ण शिक्षक शैक्षणिक योजना निर्माण,सिकाइ सहजिकरणका लागि आवश्यक शैक्षिक सामग्री सङ्कलन र प्रयोग , प्रभावकारी विधार्थी मुल्यांकन जस्ता विषयमा ध्यान पुर्याउनु पर्ने देखिन्छ।

यस योजनामा समग्र सुवर्ण गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई मर्यादित रोजाइको पेशाका रुपमा स्थापित गर्ने, कक्षाकोठाको सिकाइलाई गुणस्तरीय बनाउने, शिक्षकको पेशागत विकासलाई प्रभावकारी बनाउने, विधार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने र पालिकाभित्र विषयगत तहगत आधारमा आवश्यकता अनुसार विधार्थी संख्या र शिक्षकको उपलब्धतालाई हेरेर दरवन्दी मिलानको काम समेत गरिने देखिन्छ।

यस योजनामा सुवर्ण गा.पा.को शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समिक्षा गरि चुनौतीहरुको सामना गर्दै शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाउने सन्दर्भमा उदेश्यहरु पूरा गर्नका लागि अपनाइने रणनीतिहरु, कार्यक्रम कार्यान्वयन हासिल हुने आपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ।

### ४.२.१ वर्तमानअवस्था

**शिक्षण पेशाप्रति आकर्षण र नियुक्तिः**

समग्र शिक्षण पेशालाई मर्यादित रोजाइको पेशाका रुपमा विकास गर्न आवधिक १६ औ योजना (२०८१/८२ -२०८६/८७ ) देखि नै नेपाल सरकारले विश्व विद्यालयका तेजिला प्रतिभाहरुलाई आकर्षित गर्न उत्कृष्ट अङ्कधारिहरुलाई Fast Track वाट शिक्षण पेशामा ल्याउने मनसाय राखेको देखिन्छ तर त्यसको व्यवहारिक रुपान्तरण हुन सकेको देखिएको छैन। त्यसै गरि शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनका लागि अनिवार्य शिक्षण अनुमतिपत्र हुनै पर्ने, स्थायी हुनका लागि आयोगले लिने परिक्षामा उत्तिर्ण भई अब्बल सावित हुनुपर्ने त्यसैगरी बढुवाका लागि का.स.मु.तथा खुला परीक्षामा समावेश भई बढुवा हुन सक्ने जस्ता प्रावधानहरु राखिएका छन्। संघीयता कार्यान्वयन भए संगसंगै आयोगबाट परीक्षा उत्तीर्ण गरि आएका शिक्षकलाई स्थानीय तहले पदस्थापन गरि आवश्यक पर्ने बिधालयमा पठाउदै आएको पाइन्छ।

संघीय सरकार,प्रदेश सरकारले अनुदान दिई अस्थायी, करार, राहत प्रकृतिका शिक्षकहरु नियुक्त हुदै बिधालयमा कार्यरत रहि आएको पाइन्छ। यस सुवर्ण गाउँपालिकाको विधालयमा तहगत, विषयगत र विधार्थी सङ्ख्याका आधारमा शिक्षक अभाव देखिएकाले गाउँपालिकाको आफ्नै स्रोतमा शिक्षक नियुक्ति गरि शिक्षक व्यवस्थापन गर्दै आएको छ।

**शिक्षक तयारः**

शैक्षणिक क्रियाकलापको मुख्य संवाहक शिक्षक रहेकोले शिक्षकलाई एक योग्य पेशाकर्मीको रुपमा विकास गर्न नेपाल सरकारले समय समयमा विभिन्न कार्यक्रमहरू लागु गर्दै आएको देखिन्छ। शिक्षक हुनका लागि अनिवार्य रुपमा आई.एड.,बि.एड.,एम.एड. जस्ता कोर्स पढेकै हुनु पर्नेछ। बालमनोविज्ञान, शिक्षण विधि पढेकै हुनु पर्ने, शिक्षक अध्यापन अनुमतिपत्र लिएकै हुनु पर्ने जस्ता वाध्यकारी नियमहरु व्यवहारमै लागु भइरहेका छन। शिक्षकलाई पूर्व सेवाकालिन, पुनर्ताजगी जस्ता विभिन्न तालिम तथा पेशागत सक्षमताका अवसरहरु दिइँदै आएको देखिन्छन्। हाम्रो सुवर्ण गाउँपालिकाले पनि समय समयमा शिक्षकको पेशागत सक्षमता अभिवृद्धिका लागि आफ्नै साधन स्रोतवाट विभिन्न शैक्षिक तालिम, गोष्ठी,सेमिनार सञ्चालन गर्दै सक्षम शिक्षक तयारीका लागि कार्य गर्दै आएको पाइन्छ।

**शिक्षण सिकाइ क्रियाकलापः**

सिकाइका लागि प्रभावकारी शिक्षण क्रियाकलाप हुनु पर्छ। कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका र विषयवस्तुमा भर पर्छ। शिक्षकले शिक्षण विधि छनौट गर्दा सकेसम्म विधार्थी केन्द्रित तथा परियोजना कार्यविधि अपनाउनु प्रभावकारी देखिन्छ। सिकाइमा समावेशिता र प्रजातान्त्रिक पद्धति अवलम्बन गर्नु राम्रो मानिन्छ। कमजोर सिकाइ भएकालाई उच्च प्राथमिकतामा राख्नु,

फरक क्षमता भएका सिकारुलाई उनीहरुको अनुकुलता अनुसार सिकाई प्रक्रियामा सहभागि गराउनु शिक्षण सिकाइ क्रियाकलापको महत्वपूर्ण पाटो हो।

यस सुवर्ण गाउँपालिकाले शिक्षण सिकाइ क्रियाकलापलाई कक्षाकोठासम्म प्रभावकारी ढंगले लैजान सिङ्गो गा.पा.का लागि वार्षिक शैक्षिक क्यालेन्डर , वार्षिक कार्यपात्रो व्यस्थापन गरि प्रभावकारी कार्यान्वयन गर्दै आएको छ। त्यसै गरि शिक्षकले दैनिक पाठयोजना निर्माण गर्न सुवर्ण शिक्षक डायरी दिई दैनिक पाठयोजना निर्माणका लागि वाध्यकारी योजना कार्यान्वयनमा रहदै आएको छ। शिक्षण सिकाइ प्रभावकारी बनाउनकै लागि एकिकृत पाठ्यक्रम लागु हुनु र गा पा को आयोजनामा शिक्षकको पेशागत सक्षमता अभिवृद्धिका लागि विविध तालिम तथा अन्तरक्रियाहरु सम्पन्न भएका छन्।

**शिक्षक पेशागत सहयोग र पद्धतिः** नेपाल सरकारले शिक्षकको पेशागत सक्षमता अभिवृद्धिका लागि समयानुकूल कार्यक्रम निर्माण गरि लागु गर्दै आएको सर्वविदितै छ। विशेष गरि देशमा लोकतन्त्र स्थापनासंगै संघियता कार्यान्वयन पश्चात लागु भएको तिन तहको सरकारले आ-आफ्नो ठाउँबाट शिक्षकको पेशागत क्षमता अभिबृद्धिका लागि अझ सशक्त ढङ्गले काम गर्नुपर्ने देखिन्छ। केन्द्र र प्रदेश सरकारको नियमित रुपमा सञ्चालन गरेको शिक्षकको पेशागत सहयोगका लागि यस सुवर्ण गा पाले आफ्नै पहलमा शिक्षकलाई विभिन्न सेवाकालिन, पुनर्ताजगी तालिम र कार्यशालाहरु सञ्चालन गर्दै आएको छ।

**शिक्षक क्षमता विकास कार्यक्रमः** संघीय र प्रादेशिक सरकारले आ-आफ्नै ढङगले बिधालयमा कार्यरत शिक्षकहरुका लागि शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्दै आईरहेको परिप्रेक्ष्यमा स्थानिय तहको पनि आफ्नै दायित्व रहेकोले यस सुवर्ण गा पाले निम्नानुसारका कार्यहरु गरेका छन्ः-

विषयगत रोस्टर शिक्षकहरुको व्यवस्थापन,

- सेवाकालिन र पुनर्ताजगी तालिम सञ्चालन,
- विभिन्न NGO ,INGOर दातृ निकायहरुको सहयोगमा विपद व्यवस्थापनमा र कोभिडले क्षति पुर्याएको शैक्षिक आपुरण कार्यक्रम सञ्चालन,
- वालविकास सहजकर्तालाई तालिम, एकिकृत पाठ्यक्रम कार्यन्वयन तालिम,
- CAS कार्यान्वयन तालिम,
- शिक्षकहरुविच खेलकुद प्रतिस्पर्धा,
- अपाङ्गमैत्री शिक्षण सम्बन्धी तालिम,
- महिला फोकल शिक्षकलाई CSE तालिम,

**शिक्षक उत्तरदायित्वः**

उत्तरदायित्व विहिन शिक्षक, गैर जिम्मेवार र लापरवाही भई समग्र शैक्षिक प्रणालीलाई ध्वस्त बनाउने हुदाँ सबैभन्दा पहिले शिक्षकलाई जिम्मेवार र उत्तरदायित्वपूर्ण बनाउनु पर्ने हुन्छ।

आजको समयमा उत्तरदायित्व नैतिक प्रश्नमात्र नभई पेशागत मर्यादा पनि हो। दायित्व विहिन शिक्षक भएमा उसले कक्षाकोठा मात्र होइन समग्र विधालय र समुदायलाई नै लथालिङ्ग पार्ने हुदाँ यसतर्फ सरोकारवालाहरु सचेत हुनुपर्ने देखिन्छ। जिम्मेवार भई पठनपाठन क्रियाकलाप सञ्चालन गर्नु, आवधिक परीक्षा र मूल्याङ्कनमा दत्तचित्र भई लाग्नु, समयमै नतिजा प्रकाशन र नतिजाको समिक्षा गरि सिकाइ प्रकियामा आगामि योजना निर्माण गरि प्रभावकारी कार्यान्वयन गर्नु शिक्षकको प्रमुख उत्तर दायित्व हो।

वर्तमानमा सुवर्ण गापा आफ्नो पालिका भित्रका सम्पुर्ण शिक्षकहरुलाई उत्तरदायित्व पुर्ण बनाउन प्रयत्नरत छ। यसका लागि समय समयमा विधालयको अनुगमन, शिक्षकको कक्षाकोठाको निरिक्षण, आवधिक परीक्षा र मूल्याङ्कन प्रणालीको सुपरीवेक्षण गर्दै शिक्षकलाई पेशागत दायित्वप्रति इमान्दार र जिम्मेवार बनाउने कार्यहरु भइरहेको छ।

- समस्या र चुनौतिहरु
- तहगत, विषयगत र विधार्थी सङ्ख्याका आधारमा सुवर्ण गा पा भित्र शिक्षक व्यवस्थापन गर्नु,
- कमजोर सिकाइ भएका विद्यार्थीलाई सक्षम बनाउनु,
- शिक्षण सिकाइ क्रियाकलापमा प्रविधिको प्रयोग नहुनु
- अपाङगता र लैङ्गिकता सम्बन्धि तालिमप्राप्त शिक्षकको अभाव भएको
- शिक्षण सिकाइलाई विधार्थी केन्द्रीत बनाउन नसक्नु,
- शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु नसक्नु,
- अभिभावकको माग र समयानुकूल अङ्ग्रेजी माध्यममा पठनपाठन गराउने शिक्षकको व्यवस्थापन गर्न नसक्नु
- समानुपातिक रूपमा तथा आवश्यकताका आधारमा विषयगत र तहगतको हिसावले गाउँ शिक्षक भर्ना नभएको।
- शिक्षकको व्यवस्थापन अन्तर्गत स्थायी र शिक्षण सहयोग अनुदान, राहत अनुदान शिक्षकहरू अपुग भएको ।

### ४.२.२ उद्देश्य :-

- सुवर्ण गा.पा.ले शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका लागि देहाय बमोजिम उद्देश्य निर्धारण गर्नु

१ .पालिका भित्रका सम्पुर्ण विधालयहरुमा तहगत विषयगत र सङ्ख्यागत आधारमा उपलब्ध भएका शिक्षक र थप नयाँ नियुक्ति र (पालिकाको तर्फबाट) गरि शिक्षक व्यवस्थापन गर्नु,

२.शिक्षकलाई प्रविधिमैत्री बनाउन आवश्यक तालिम र प्रोत्साहनको व्यवस्था गर्नु,

३.कक्षाकोठामा गुणस्तरीय सिकाई प्रवर्द्धनका लागि शिक्षकलाई थप तालिम र क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नु,

४.समयानुकूल अङ्ग्रेजी माध्यमबाट पठनपाठनका लागि आवश्यक जनशक्ति तयार गर्नु,

५.समानुपातिक रूपमा तथा आवश्यकताका आधारमा विषयगत र तहगतको हिसावले गाउँ शिक्षक भर्ना गर्नु

### ४.२.३ रणनीतिहरु :-

- शिक्षक क्षमता अभिवृद्धिका लागि शिक्षक तालिमको व्यवस्थापन गर्ने ।
- विषयगत/तहगत/सङ्ख्यागत आधारमा दरबन्दी मिलान र थप नयाँ शिक्षकको व्यवस्थापन गर्ने।
- शिक्षकलाई प्रविधिमैत्री बनाउन कम्प्युटर तालिम दिइनेछ।
- शिक्षक तालिमलाई विषयवस्तुको ज्ञानशिक्षण सीपमा केन्द्रित बनाइने छ ।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन गरिनेछ ।
- शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चालन गर्ने।
- शिक्षक सरुवा अनुमान योग्य र चक्रीय प्रणालीमा आधारित गर्ने ।
- पेशागत दक्षताका आधारमा मूल्यांकन गरि हरेक वर्ष प्राथमिक निम्नमाध्यमिक र माध्यमिक गरि जम्मा तिनवटा उत्कृष्ट शिक्षक घोषणा गर्दै पुरस्कृत गर्ने।

## ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुनेछ ।
२. गाउँपालिका स्तरमा शिक्षक सक्षमता प्रारूपको विकास भई कार्यान्वयन भएको हुनेछ ।
३. शिक्षक पेसा थप प्रतिस्पर्धी र सम्मानित भएको हुनेछ ।
४. गाउँपालिका स्तरमा पारदर्शी, वस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरस्कार पद्दति स्थापित भई कार्यान्वयन भएको हुनेछ ।
५. विद्यार्थी अनुपातको आधारमा विषयगत, तहगत र संख्यागत गाउँपालिका भित्र शिक्षकको दरबन्दी मिलान हुनेछ ।
६. अपुग शिक्षक भएका विद्यालयमा गा.पाद्वारा नियुक्ति गरेका शिक्षक परिपूर्ति भई पालिका भित्रका सम्पूर्ण विद्यालयमा पर्याप्त शिक्षक हुनेछन ।
७. ५०% भन्दा माथि शिक्षकहरुले प्रविधिमैत्री वातावरणमा शिक्षण सिकाई गर्न सक्नुहुनेछन ।
८. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | १५ | १५ | २० | २६ | | सबै |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | १२० | १३० | १३५ | १५० | | सबै |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | १० | १० | ११ | | | सबै |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | १० | १५ | २० | ३० | ४० | ५० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ० | २ | ४ | ७ | ९ |

## ४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेटहरू हजारमा (०००) | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | | १ | | १ | ३ | ५० | ६ | संघ, प्रदेश र स्थानीय तह |
| २ | शिक्षक अभाव पूर्तिको लागि स्वयंसेवक शिक्षक नियुक्ति र परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ६२५०० | निरन्तर | पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | १० | संघ, प्रदेश र स्थानीय तह |
| ४ | विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | १ | | १ | | १ | ३ | ३०० | ६ | संघ, प्रदेश र स्थानीय तह |
| ५ | शिक्षकले शिक्षण सिकाइमा विताउने समयको कार्यविधि तर्जुमा तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | निरन्तर | संघ, प्रदेश र स्थानीय तह |
| ६ | कार्यसम्पादनमा सुधार गर्न नियमित अनुगमन तथा पृष्ठपोषण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५० | निरन्तर | संघ, प्रदेश र स्थानीय तह |
| ७ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको संजाल बनाउने | पटक | १ | | | | | १ | ५० | २ | गाउँपालिका र वडा |
| ८ | मागमा आधारित शिक्षक पेशागत तालिम कार्यक्रम संचालन | पटक | १ | | १ | | १ | ३ | ३०० | ६ | संघ, प्रदेश, स्थानीय तह, शिक्षा तालिम केन्द्र, गैसस |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षकलाई प्रविधिमैत्री बनाउन कम्प्युटर तालिम प्रदान गर्ने | पटक | १ | | १ | | १ | ३ | २५० | सबै | संघ, स्थानीय तह, गैसस |
| १० | विषयगत शिक्षक समूह गठन र परिचालन तथा अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५० | निरन्तर | संघ, प्रदेश र स्थानीय तह |
| ११ | नियमित मासिक प्र.अ. बैठक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | गाउँपालिकाश |
| १२ | शिक्षकको अंग्रेजी दक्षता अभिवृद्धिका लागि अंग्रेजी भाषा तालिम सञ्चालन गर्ने | पटक | १ | | | १ | | २ | १०० | ४ | गाउँपालिका |
| १३ | नियमित मूल्याङ्कन तथा अनुगमन योजना निर्माण र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | निरन्तर | संघ, प्रदेश र स्थानीय तह |
| १४ | योग्याता र नतिजामा आधारित उत्कृष्ट शिक्षक प्रोत्साहन र पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | १० | गाउँपालिका |

## ४.३ शिक्षामा लैङ्गिक समता तथा सामाजिक समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

सुवर्ण गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यस गाउँपालिकामा यादव, कोइरी, तेली, बिन, मल्लाह, हलुवाई, सोनार, कायस्थ, ब्राह्मण, गिरी,कलवार,राजभर,माली,दलित जातिहरु(डोम,हलखोर,चमार,दुसाध,धोवी,पासी, तत्मा,)र मुस्लीम जातिहरुको बसोबास पाइन्छ |यस गाउँपालिका अन्तर्गत सामुदायिक, धार्मिक तथा संस्थागत गरि जम्मा ३४ वटा विद्यालयहरु संचालनमा रहेको छन् | उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म र आर्थिक कमजोर अवस्थाका बालबालिकाहरु अध्ययनरत छन् | सामुदायिक विद्यालयहरुमा विपन्न र न्यून आर्थिक अवस्था भएका विशेष गरि दलित समुदायका बालबालिकाको आकर्षण बढी रहेका छन् भने संस्थागत विद्यालयहरुमा मध्यम आयस्तर भएका अन्य जातजातिको आकर्षण बढी देखिन्छ |धार्मिक विद्यालयहरुमा यस पालिका अन्तर्गत मदर्सा विद्यालयहरु संचालन छन जँहा मुस्लिम समुदायका बालबालिकाहरु अध्ययनरत रहेका छन् | केही विद्यालयहरुमा अपाङ्गता भएका बालबालिकाहरु पनि अध्ययनरत रहेको पाईन्छ|तर उनीहरुको लागि उपयुक्त विद्यालय बाताबरण नभएको कारण भर्ना भएका केही अपाङ्ग बालबालिकाहरुपनि बिचैमा कक्षा छाड्ने गरेको देखिन्छ | अपाङ्गहरुको लागि विशेष शिक्षा र शिक्षालयहरू निर्माण गरि संचालन गर्न सकिएको छैन | सामुदायिक तथा धार्मिक विद्यालयहरूमा अध्ययनरत कक्षा १-५ सम्मका सम्पूर्ण बालिका तथा दलित बालकहरुलाई नेपाल सरकारबाट नियमित प्रदान गर्दै आएको छात्रवृत्ति वितरण हुँदै आएको छ | केही अपाङ्ग विद्यार्थीहरुलाई समेत अपाङ्ग छात्रवृत्ति प्रदान गर्दै आएको छ | आधारभूत तह ६-८ र माध्यमिक तह ९-१२ विद्याहरुमा बाल क्लव गठन गरि विद्यार्थी सक्रियता र बाल अधिकार संरक्षण जस्ता विषयमा छलफल र अन्तरक्रिया हुने गरको छ | गुनासो सुनुवाई समिति गठन, गुनासो बक्स, र गुनासो सम्बोधन र व्यवस्थापन समेत हुने गरेको छ |

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु ।
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।
४. विद्यालयमा मनोसामाजिक परामर्श तथा विद्यालयलाई बालमैत्री बनाउनु |

### ४.३.३ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गर्ने ।
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।
३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।

४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

६. आाधारभूत तहमा मातृभाषामा सिकाईको अवसर प्रदान गर्न प्राथमिकता दिने ।

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्कार र हेपाई गर्न नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

९. विद्यालयमा अभिभावकको संलग्नता सहितको लक्षित कार्यक्रम संचालन गर्ने |

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- गाउँपालिकास्तरमा विद्यालय उमेर समुहका सबै बालबालिकाहरु विद्यालय भर्ना भई शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन |
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य,मान्यता अनुकुल शैक्षिक सुशासन कायम गर्न सबै संरचनाहरु जवाफदेही हुनेछन |
- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- विद्यालयमा सबै प्रकारको हिंसा, विभेद र दुर्व्यवहार समाप्त भई बालमैत्री वातावरण सिर्जना हुनेछ |

**नतिजा**

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय बाहिर रहेका अनुमानित बालबालिकाको सँख्या | १२०० | ३०० | २०० | १०० | ५० | २५ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९८ | ०.९८ | ०.९८ | ०.९८ | ०.९७ | ०.९७ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९६ | ०.९७ | ०.९९ | १ | |
| ४ | दलित समुदायको बालबालिका अनुमानित विद्यालय बाहिर रहेका संख्या | ७०० | ३०० | २०० | ८० | ३० | १५ |
| ५ | महिला शिक्षक प्रधानाध्यापक संख्या | ० | ० | १ | २ | ३ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | हिंसा, विभेद र दुर्व्यवहार रहित बालमैत्री विद्यालय संख्या | ० | १५ | २० | २५ | सबै | |

## ४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | | बजेटहरू | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | हजारमा (०००) | | |
| १ | विद्यालय उमेर समूहका बालबालिकाहरुको पहुँच र विद्यालय बाहिर रहेका बालबालिकाहरु सम्बन्धमा घरधुरी सर्वेक्षण गर्ने | पटक | १ | | १ | | १ | ३ | ५०० | ४ | |
| २ | विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भित्र ल्याउन सुनिश्चित गर्नका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | |
| ३ | गाउँपालिका स्तरमा शैक्षिक समता र समावेशीकरण कार्यान्वयनका लागि संयन्त्र विकास गर्ने | पटक | १ | | | | | १ | ८० | २ | |
| ४ | समता र समावेशिताका विषयवस्तु समावेश गरी प्रधानाध्यापक | पटक | १ | | १ | | १ | ३ | १५० | ६ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गर्ने | | | | | | | | | | |
| ५ | आजीवन सिकाई तथा निरन्तर शिक्षाका सहभागीहरुको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि गाउँपालिकाका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरुको क्षमता विकास गर्ने | पटका | | १ | | १ | | २ | ६०० | ४ | |
| ६ | अपांगमैत्री तथा लैंगीगमैत्री वातावरण सिर्जनाको लागि वि.व्य.स., प्र.अ., शिक्षक/कर्मचारी तथा सरोकारवालाहरुको बैठक संचालन गरिने | पटक (वार्षिक ) | १ | १ | १ | १ | १ | ५ | २५० | १० | |
| ७ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका | पटक | १ | | १ | | १ | ३ | ३०० | ६ | संघ, प्रदेश, स्थानीय तह तथा गैसस |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | | | | | | | | | | |
| ८ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबीच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | निरन्तर | | | | | निरन्तर | | निरन्तर | स्थानीय तह |
| ९ | विद्यालयमा सबै प्रकारको विभेद, दुर्व्यवहार र हिंसा अन्त्य गर्ने सचेतनामुलक कार्यक्रम र घोषणा गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २०० | निरन्तर | स्थानीय तह, गैसस, वडा, विद्यालय |
| १० | विद्यालयमा मनोसामाजिक परामर्श सजकर्ताको व्यवस्थापन गर्ने | संख्या (भएका शिक्षक हरु मध्ये थप जिम्मेवारी दिने) | सबै | सबै | सबै | सबै | सबै | सबै | १५० | सबै | स्थानीय तह, गैसस |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

नेपाल सरकारको विद्यालय स्वास्थ्य पोषण कार्यक्रम अन्तर्गत निःशुल्क दिवा खाजा कार्यक्रम संचालनमा रहेका छन् | विद्यालयमा विद्यार्थीको उपस्थिति दर र दिकाउ दर अभिवृद्धि गर्न यो कार्यक्रम प्रभाकारी सावित भएको छ | यस पालिका अन्तर्गत संचालित २८ वटा सामुदायिक र धार्मिक विद्यालयहरुमा संचालनमा रहेको छ | हाल निःशुल्क दिवा खाजा कार्यक्रम अन्तर्गत यस पालिकामा करिव ८ हजार बालबालिकाले यसको लाभ प्रत्यक्ष रुपमा लिए रहेका छन | नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम दिवाखाजा व्यवस्थापना समितिले कार्यतालिका बनाई नियमित दिवा खाजा संचालन गर्न खोजिएता पनि त्यति प्रभावकारी हुन सकिएको छैन | यो कार्यक्रमको लागि नेपाल सरकारबाट सशर्त अनुदान तर्फ प्रति विद्यार्थी २० का दरले बार्षिक १८० दिनको प्राप्त हुन्छ | बढ्दो महंगीले तत्कालिन अवस्थामा गुणस्तरीय र व्यवस्थित दिवा खाजा कार्यक्रम चुनौतिको रुपमा रहेको छ | पालिकाबाट यस सन्दर्भमा बजेटको

थप व्यवस्थापन गर्न सकेको खण्डमा विद्यालय शिक्षामा विपन्न वर्गको बालबालिकाहरुको पहुँच बढी शैक्षिक अवसरमा बढोत्तरी हुने देखिन्छ | पालिकाबाट नियमित रुपमा खोप कार्यक्रमहरु व्यवस्थित रुपमा संचालन हुँदै आएको छ | यसका अतिरिक्त नियमित भिटामिन A,जुकाको औषधी जस्ता विभिन्न स्वास्थ्य सेवाहरु उपलब्ध गराएका छन् | साथै भिन्न समयमा निःशुल्क स्वास्थ्य सेवा सिविरहरु समेत संचालन हुँदै आएको छ |

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

३. दिवा खाजा कार्यक्रमबाट विद्यार्थीको नियमितता, शिक्षण क्रियाकलापमा सक्रियता वृद्धि गर्नु |

४. विपन्न परिवारका बालबालिकाहरुलाई विद्यालय शिक्षाप्रति आकर्षण बढाउनु |

### ४.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।

२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने ।

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।

७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

८. दिवा खाजा व्यवस्थापन समिति गठन गरि नियमित गुणस्तरीय दिवा खाजा संचालन गर्ने |

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।
- विद्यालय दिवा खाजा विद्यार्थीको अधिकारको रूपमा स्थापित भएको हुनेछ ।
- प्रारम्भिक बालविकास देखि आधारभूत तह कक्षा ५ सम्मका सामुदायिक विद्यालय दिवा खाजा विस्तार गरी कक्षा ८ सम्म पुर्याउने र सबै बालबालिकाहरूले स्वास्थ्य, पोष्टिक स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त भएको हुनेछ ।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्या छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र परखालको व्यवस्था भएको हुनेछ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू, किशोरीहरूको मानसिक महिनावारीमा स्यानेटरी प्याड वितरण भएको हुनेछ ।
- विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभतू शिक्षा प्राप्त भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये | १००% | १००% | १००% | १००% | १००% | १००% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ०-५ | ०-५ | ०-५ | ०-६ | ०-७ | ०-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | १ | ५ | १० | १५ | २० | सबै |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | १० | १५ | २० | सबै | | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | ० | ० | १ | ३ | ७ |
| ७ | सम्पुण खोप पुरा गरेको विद्यार्थी (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ८ | भिटामिन A र जुकाको औषधि प्राप्त गरेको विद्यार्थी संख्या (%) | | | | | | |
| ९ | महिनावारी स्वाच्छता कार्यक्रम लागु भएको विद्यालय संख्या | ० | ० | ० | १ | ३ | सवै |

### ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेटहरू | भौतिक लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | हजारमा (०००) | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | (१० वर्ष) | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | | | | १ | २ | १००० | २ | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | पटक | पटक | पटक | पटक | पटक | पटक | पटक | १२५०० ० | पटक | संघ, गाउँपालिका |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | संख्या | | ५ | | | ५ | १० | १५० | २५ | संघ, प्रदेश, गाउँपालिका, गैसस |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग | संख्या | २ | २ | २ | २ | २ | १० | | २० | संघ, प्रदेश, गाउँपालिका, गैसस र विद्यालय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अलग शौचालय | | | | | | | | | | |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | निरन्तर | निरन्तर | | | | | निरन्तर | ७५०० | निरन्तर | संघ, प्रदेश र गाउँपालिका |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | संघ, प्रदेश र गाउँपालिका |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १ | | १ | | १ | ३ | ५०० | ६ | संघ, गाउँपालिका र गैसस |

## ४.५ विधालयमा सुरक्षा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

**विद्यमान नीतिगत व्यवस्था**

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार प्रदेश र स्थानीय तहमा विपद उत्थानशीलताको संयन्त्रको व्यवस्था
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था

- भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको)
- विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको)
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको)
- विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१
- वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन)
- वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने)
- दिगो विकास लक्ष्य, सौह्रौ योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको

**स्थानीय तहको विद्यमान अवस्थाः** जलवायु परिवर्तनको असरबाट यस पालिका समेत अछुतो हुन सकेको छैन |यस पालिका प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको छ | यस क्षेत्रमा विशेष गरि आगलागी, महामारी,लु-लाग्ने, आंधी हुरी (हुण्डरी) जस्ता प्रकोपहरु रहेका छन् | जसका कारण वर्षेनी कुनै न कुनै रुपमा विपद निम्त्याएको देखिन्छ | यस प्रकारको विपदबाट विद्यालय उमेर समुहका बालबालिकाहरु 500बढी प्रभावित हुने गरेको छ | कोभिड-१९ को महामारीबाट लगभग २ वर्ष विद्यालय संचालन हुन नसकी बालबालिकाको सिकाइमा ठुलो क्षति भोग्नु परेको थियो | तत्कालिन अवस्थामा उक्त विपदको समयमा विद्यार्थीहरुलाई सिकाईमा जोड्न विभिन्न बैकल्पिक सिकाईको व्यवस्था गरिएको थियो | जलवायु परिवर्तनको असर र प्रभावलाई न्यूनिकर्ण गर्न बालबालिकाहरुलाई समय समयमा भिन्न अभिमुखीकरण कार्यक्रमहरु समेत संचालन भएको छ | यसका अतिरिक्त विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु समेत यस पालिकामा विपद व्यवस्थापन सम्बन्धी कार्यमा अग्रसर रहेको छ |

### ४.५.२ उद्देश्य

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।
२. शिक्षक समूह गठन गरी विपद सम्बन्धी नियमित योजना र तयारी अवस्थामा रहने |
३. विपद प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गर्ने |
४. वृहत विद्यालय सुरक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने |
५. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
६. कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
७. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।

८. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
९. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
१०. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
११. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
१२. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम न्युनिकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
१३. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
१४. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुन उत्थानको योजना तथा क्षमता विकास भएको हुनेछ ।
३. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
४. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।
५. डिजिटल सिकाई सामग्रीहरुको प्रयोग सबै बालबालिकाहरुको पहुँचमा पुगेको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | ० | ० | १ | २ | ३ | |
| २ | हरितविद्यालय सँख्या | ० | ० | ० | ० | १ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | ० | ० | १ | १ | १ | १ |
| ४ | विपद प्रतिरोधी विद्यालय सँख्या | २ | ५ | ७ | १२ | १७ | २० |
| ५ | विपद् तथा प्रकोप प्रतिकार्य व्यवस्थापन तथा पुनरुत्थान योजना बनाउने विद्यालय संख्या | ० | १ | ३ | ५ | ७ | १४ |
| ६ | डिजिटल सिकाई सामग्रीहरुको पहुँचमा पुगेको बालबालिकाहरुको संख्या (%) | ५ | ५ | १० | २५ | ४० | ७० |

### ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेटहरू | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | हजारमा (०००) | | |
| १ | गाउँपालिका स्तरीय भूकम्प प्रतिरोध विद्यालय भवन निर्माण निर्देशिका स्वीकृति र कार्यान्वयन गरिने | पटक | १ | | | | | १ | २०० | २ | स्थानीय तह, गैसस |
| २ | विपद् तथा प्रकोप प्रतिकार्य व्यवस्थापन तथा पुनरुत्थान नीति, योजना तथा कार्यविधि निर्माण तथा पुनरावलोकन | पटक | १ | | | | १ | २ | १५० | ३ | संघ, प्रदेश, स्थानीय तह र गैसस |
| ३ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | निरन्तर | | | | | | ५०० | | संघ, प्रदेश, स्थानीय तह र गैसस |
| ४ | शिक्षक तथा वि.व्य.स. तालिम संचालन | पटक | १ | | १ | | १ | ३ | २२५ | ५ | संघ, प्रदेश, स्थानीय तह र गैसस |
| ५ | विपद् पूर्व तयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५० | निरन्तर | संघ, प्रदेश, स्थानीय तह र गैसस |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय निर्माण तथा प्रवर्द्धन गरिने | विद्यालय | ० | १ | | | १ | ३ | ५००० | ७ | संघ, प्रदेश, स्थानीय तह र गैसस |
| ७ | विपद प्रतिकार्य सामाग्रीहरु उपलब्ध गराउने | पटक(आवश्यकता अनुसार) | १ | | १ | | १ | ३ | ६०० | ५ | संघ, प्रदेश, स्थानीय तह र गैसस |

## ४.६ विद्यालयमा भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान,शौचालय,सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।

एक विद्यार्थीका लागि सुविधा जनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ ।

राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ४.६.१ वर्तमान

विद्यालय भौतिक संरचना विद्यालय शिक्षाको महत्व पूर्ण आधार हो | विभिन्न प्राकृतिक प्रकोपबाट सुरक्षित हुने गरि विद्यालयहरु निर्माण भएको हुनु पर्छ | यस पालिकामा संचालित ३४ बटा विद्यालयहरुमा पक्कि भवन मध्ये केहीमा च्यादरको छाता रहेको छ | सम्पूर्ण सामुदायिक मा.वि. तथा आधारभूत तह ६-८ मा सुविधा सम्पन्न पक्कि भवन निर्माण भएका छन भने केहि विद्यालयहरुमा निर्माणको चरणमा रहेका छन |अधिकांश सामुदायिक विद्यलाहरुमा छात्र र छात्रा छुट्टा छुट्टै शौचालयको प्रबन्ध रहेको छ भने केहीमा निर्माणको चरणमा रहेको छ | शिक्षाको बजेटको अधिकांश बजेट आ.वा. २०८१/८२ मा भौतिक निर्माणमा खर्चिएको छ |यस बर्ष मात्र २ वटा विद्यालयहरुमा ४ कोठे पक्कि भवनको लागि बजेट बिनियोजन भएको छ भने केहि रकम मर्मत सम्भारमा विनियोज भएको देखिन्छ |सम्पूर्ण मा.वि. र आधारभूत तह ६-८ मा काठको डेस्क/बेन्चको प्रबन्ध रहेका छन् | ३ वटा सामुदायिक विद्यालयहरुमा CCTV जडान भएको छन | ५ वटा सामुदायिक विद्यालयहरुमा ICT तथा कम्प्यूटर ल्याव, ४ वटा मा विज्ञान प्रयोगशाला र ४ वटा मा पुस्तकालय रहेको छ | भौतिक पूर्वाधारमा अधिकांस विद्यालयहरु सम्पन्न भएता पनि अझै पनि बालमैत्री कक्षाकोठा, अपाङ्गमैत्री विद्यालय संरचना र लैंगीकमैत्री शौचालय हुन सकिएको छैन | साथै केही संरचनाहरु जिर्ण अवस्थामा रहेको छ जुन जोखिमपूर्ण समेत रहेको छ | त्यसलाई मर्मत सम्भार तथा सबलीकरण र हटाउन सकिएको छैन |

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास ,मर्मत संभार तथा सबलीकरण गर्नु ।
३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।
४. कक्षा कोठा बालमैत्री र अपांगमैत्री तथा लैंगीकमैत्री शौचालयको निर्माण तथा सबलीकरण गर्नु।

### ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने ।
४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
५. छुट्टै प्रारम्भिक बालविकास कक्षाकोठा तथा संरचना क्रमशः निर्माण गर्दै जाने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालय पूर्वाधार विकासको लागि आवश्यक विधि, मापदण्ड र स्तरीकरणको सूचक सहितको निर्देशिका तयार भएको हुनेछ।
२. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
३. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गता मैत्री, लैंगीकमैत्री र सुरक्षित हुने ।
४. छुट्टै प्रारम्भिक बालविकास कक्षाकोठा र संरचना हुने।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १० | १६ | १७ | १९ | २१ | सबै |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | ५० | २० | १५ | १० | ५ | ० |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | ५० | ४० | ३० | २० | १० | ५ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | १० | ८ | ७ | ५ | ३ | २ |
| ५ | बालमैत्री र अपांगमैत्री विद्यालय संख्या | ० | १ | २ | ४ | १० | सबै |
| ६ | छुटै बालविकास कक्षाकोठा संख्या | १० | १७ | २० | २२ | सबै | |

## ४.६.५ प्रमुखक्रियाकलापरलक्ष्य

| क्रसं | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | रकम हजारमा (०००) | भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालय भौतिक पूर्वाधार विकासको प्रक्रिया र मापदण्ड तर्जुमा | पटक | १ | | | | | १ | १०० | २ | स्थानीय तह |
| २ | भौतिक पूर्वाधार विकासको लागि आवश्यकताको पहिचान | पटक | १ | | | | १ | २ | ५० | ३ | स्थानीय तह |
| ३ | संघीय र प्रदेश तथा गैरसरकारी संघसंस्थाहरुसंग लागत साझेदारी कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | स्थानीय तह |
| ४ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५०० | निरन्तर | संघ, प्रदेश, स्थानीय तह, गैसस, विद्यालय |
| ५ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | १ | १ | २ | २ | २ | ९ | | सबै | संघ, प्रदेश, स्थानीय तह, गैसस, विद्यालय |
| ६ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय र कक्षाकोठा | विद्यालय सङ्ख्या | ० | १ | २ | २ | २ | ७ | | सबै | संघ, प्रदेश, स्थानीय तह, गैसस, विद्यालय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | अपाङ्ता मैत्री तथा बालमैत्री संरचना सबलीकरण कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५० | निरन्तर | संघ, प्रदेश, स्थानीय तह, गैसस, विद्यालय |
| ८ | नमूना विद्यालय विस्तार कार्यक्रम | पटक | | | १ | | | १ | १५०००० | ३ | प्रदेश, स्थानीय तह र गैसस |

## ४.७ विधालयमा सूचना तथा सञ्चार प्रविधिको

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँद छ । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

उक्त गुरुयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए। यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो। यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकुल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ। यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020)। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ ।उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले यससम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध

गराउने; विज्ञान, गणित र अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने; पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने; नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने; एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्त छैनन् । उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्याँदै कम रहेको छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्था मार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ। त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ। दृष्टि विहिनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ। कोभड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ। पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेभसाइटमा राख्ने गरिएको छ। त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रब्य तथा श्रब्य दृश्य पाठ्यसामाग्रीहरु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ। डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु,भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन। त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटी लगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसमका अपाङ्गता भएकाहरूको लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

### ४.७.१ वर्तमान अवस्था

सूचना प्रविधिले आजको विश्वलाई साँघुरो बनाएको छ | घरमै बसी बसी विश्वबजारको विभिन्न घटनाक्रम तथा ज्ञानको विकासबारे जानकारी पाउन सकिन्छ |यसको प्रयोगबाट कोहि पनि अछुतो रहन सक्दैन किनकि यो आजको माग हो | विद्यालय क्षेत्रमा यसको प्रयोग अपरिहार्य नै बनी सकेको छ | तर पर्याप्त मात्रामा स्रोत-साधनको अभाव तथा चलाउन सक्ने र सिकाउन सक्ने दक्ष जनशक्तिको अभावको कारण अझै पनि यसको महत्व झल्किन सकेको छैन | यसका साथै ५ वटा विद्यालयहरुमा ICT तथा कम्प्युटर सहितको सूचना प्रविधि पुगी सकेको अवस्था छ | तर यसको प्रयोग र कार्यान्वयन अपेक्षित हुन सकेको छैन | यसको प्रयोग शिक्षा तथा ज्ञान प्राप्तिको लागि भन्दा व्यक्तिगत प्रयोगको लागि बढी भएको देखिन्छ | यस क्षेत्रसंग परिचित र प्रयोग गर्न सक्ने जनशक्तिको व्यवस्थापन र पर्याप्त स्रोत साधन सम्पन्न सूचना प्रविधि ल्यावको व्यवस्थापन गर्न नसक्नुका साथै उपलब्ध स्रोत साधनको पनि उपयोगी प्रयोग गर्न नसक्नु नै यस पालिकाको प्रमुख चुनौती रहेको छ |

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु ।
२. सुचना प्रविधिमा सबै शिक्षकलाई परिचित तथा दक्ष बनाउनु |
३. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने ।

३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने ।

४. IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलवी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीबाट एकीकृत गरिने छ |

५. विद्यालय सुपरिवेक्षण, बैठक,गोष्ठी, कार्यशाला,तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा संचार प्रविधिको अत्याधिक प्रयोग गरिने छ |

६. विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिको प्रयोगमा प्रोत्साहित गरिनेछ |

७. विपद तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तर दिन सक्ने गरी सिकाइका बैकल्पिक विधिको रुपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरि कार्यक्रम संचालन तथा विस्तार गरिनेछ |

८. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।

९. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।

१०. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने ।

११. सामुदायिक सिकाइ केन्द्रहरुलाई सूचना तथा संचार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ |

१२. सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था गरिनेछ |

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. गाउँपालिकामा सूचना तथा संचार प्रविधिको प्रभावकारी डिजिटल सिकाइ केन्द्र स्थानपना र संचालन भएको हुनेछ |
विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण

२. भएको हुनेछ ।

३. विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको पहुँच भएको हुनेछ |

४. सबै माध्यमिक विद्यालयहरुले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र संचार प्रविधिको प्रयोग गरेको हुनेछ |

५. सामुदयिका सिकाई केन्द्रमा सूचना प्रविधिको प्रयोग विस्तार भएका हुनेछ |

६. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत, जनशक्ति र समयको बचत भएको हुनेछ |

७. विद्यालयमा शिक्षक तथा कर्मचारीहरुले प्रविधिको प्रयोग बढी भन्दा बढी गरेको हुनेछ |

८. विपद तथा संकटको समयमा विद्यार्थीको सिकाइ सहजीकरण गर्ने कार्यमा सुचना तथा संचार प्रविधिको प्रयोग निरन्तर भएको हुनेछ |

९. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | १२ | १२ | १५ | २२ | २४ | २८ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयसँख्या | १ | १ | १ | २ | ३ | ४ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | १ | १ | २ | ३ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३ | ३ | ७ | १० | १२ | सबै |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ६ | दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरू पुगेको विद्यालय संख्या | ० | | | १ | १ | १ |

## ४.७.५ प्रमुखक्रियाकलाप र लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेट हजारमा (०००) | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ईलाइब्रेरी स्थापना | संख्या | १ | २ | २ | २ | २ | ९ | | १५ | संघ, प्रदेश, स्थानीय तह, गैसस |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | १००० | सबै | संघ,प्रदेश स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास तालिम | पटक | १ | | १ | | १ | ३ | | ५ | संघ, प्रदेश, स्थानीय तह, गैसस |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता र विस्तार | विद्यालय | १२ | १ | १ | १ | १ | १६ | २४०० | सबै | संघ, प्रदेश, स्थानीय तह, गैसस |
| ५ | IEMIS व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | १० | संघ, प्रदेश, स्थानीय तह, गैसस |
| ६ | दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरू विकास र वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५० | निरन्तर | संघ, प्रदेश, स्थानीय तह, गैसस |
| ७ | पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल कपि सबैलाई सहजै उपलब्ध गराउने | पटक | १ | | | | १ | २ | | ५स | संघ, प्रदेश, स्थानीय तह, गैसस |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | संचालनमा रहेका सबै सामुदायिक सिकाइ केन्द्रहरुमा डिजिटल सिकाइ केन्द्रको स्थापना गरिने | पटक | | | | | १ | १ | १००० | २ | संघ, प्रदेश, स्थानीय तह, गैसस |
| ९ | सामुदायिक सिकाइ केन्द्रहरुको ICT सम्बन्धी क्षमता वृद्धि गर्ने | पटक | | १ | | १ | | २ | १५० | ४ | संघ, प्रदेश, स्थानीय तह, गैसस |

## परिच्छेद-५ सुशासन तथा व्यवस्थापन

सुशासन भनेको असल वा राम्रो ढङ्गले गर्ने शासन व्यवस्था हो । शिक्षाप्रति निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई बुझाउँछ । विद्यालयमा योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी वालवालिकाहरुको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचनाले भुमिका तथा कार्यप्रकृयाले सहभागिता तथा सहमतिमा निर्णय गर्न वा निर्णय कार्यान्वयन गर्दै विधिको सर्वोच्ता तथा समतालाई प्रोत्साहन गरी विद्यार्थीलाई सिकाइ प्रति जवाफदेहि बनाई सुशासनको प्रत्याभुति दिलाउन सकिन्छ ।

यस परिच्छेदमा सुशासन प्रवन्धहरु गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनवाट आपेक्षित नतिजा हासिल गर्ने आवश्यक पर्ने संस्थागत संरचनाका क्षमता विकास योजना कार्यान्वयन अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको बारेमा योजना निर्माण गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास :

नेपालको शिक्षा क्षेत्रको वर्तमान परिपेच्छमा तीनै तहका सरकारमा कर्मचारी व्यवस्थापन र संगठनात्मक स्वट्रपमा केही परीर्वतन गरी व्यवस्थापन गरीएको छ । आजको सूचना तथा प्रविधिको युगमा शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन सक्रिय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्ने सुशासनको प्रत्याभुति प्रदान गर्नुका साथै संस्थागत संरचना र क्षमता विकास गर्न आवश्यक छ ।

यस योजनामा गाउँ पालिकाभित्रका प्रारम्भिक वाल विकास शिक्षा आधारभुत शिक्षा र माध्यमिक शिक्षामा सबै गाउँ वासी विद्यालय उमेर समुहका वालवालिकाहरु पहँच र सहभागितामा सुनिश्चित गरी गुण्स्तरमा सुधार अनौपचारिक तथा जिवनपर्यन्त शिक्षाको अवसरहरुको विस्तार समता तथा समावेशिताको प्रवद्धन गरी जवाफदेही शैक्षिक शुसासन कायम गर्ने उदेश्यले आवश्यक संस्थागत संरचान र प्रकृया स्थापित गर्न खोजिएको छ। शिक्षामा सुधार ल्याउन सरोकारवाला सबैको क्षमता विकास गर्ने आवश्यक रहेकाले यस परिच्छेदमा पालिका भित्र संचालित शिक्षा विकास कार्यक्रमहरुको कार्यान्वयनका लागि भएका प्रयासहरुको समिक्षा गर्ने विद्यालय क्षेत्रको योजना प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता विकास तथा प्रकृयामा देखिएका चुनौतिहरु पहिचान गर्दै तिनिहरुको समाधानका लागि सुशासन प्रवर्द्धन गरी आवश्यक परिर्वतनको प्रस्ताव सहित संरचना गरी आवश्यक परिर्वतनको प्रस्ताव सहित संरचना क्षमता र प्रकृयाको विकासका बारेमा चर्चा गरिएको छ ।

#### ५.१.१ वर्तमान अवस्थाः

यस स्थानिय तहमा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासको व्यवस्था देहायबमोजिम रहेको छः-

- यस स्थानिय तह अन्तर्गत शिक्षा शाखा र गाउँ शिक्षा समिति आदि रहेका छ ।
- स्थानीय तह ऐन, कार्यविधि तथा मापदण्डको विकास गरीएको छ ।
- वार्षिक बजेट निर्माण, स्वीकृत र कार्यान्वयन ।
- यस स्थानिय तहका विद्यालयहरुमा आधारभुत तहमा पालिका शिक्षकको व्यवस्थापन गरिएता पनि शिक्षक विद्यार्थीको अनुपातमा विषयगत दरवन्दीको अभाव रहेको देखिन्छ ।

- सम्पूर्ण विद्यालयहरुले विद्यालयको लेखा प्रणाली व्यवस्थित ढङ्गले सम्पन्त भएको अवस्था छ ।
- विद्यालयहरुले निर्धारित समयमा सामाजिक लेखा परीक्षण गरेको अवस्था छ ।
- सूचनाको हक सम्बन्धि व्यवस्थाको लागि विद्यालयहरुले वडापत्र वनाउन लागेको अवस्था छ साथै विद्यालयबाट गुनासो सुनवाई समिति द्वारा गोप्य सूचनाहरु सामाधान गरीएको ।

### ५.१.२ समस्या तथा चुनौतिहरुः

- सुवर्ण गाउँपालिकाको शिक्षा शाखामा कर्मचारी अभावको कारण बिद्यालयहरुमा नियमित अनुगमन तथा सुपरीवेक्षण हुन नसकेको अवस्था ।
- अनुगमन तथा सूपरीवेक्षणका लागि आवश्यक सूचकाङ्क तय हुन नसक्नु ।
- शैक्षिक विकासमा जनप्रतिनिधिको कम चासो हुनु ।
- शिक्षा क्षेत्रमा कम बजेट विनियोजन हुनु ।

### ५.१.३ उद्देश्यः

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास का लागि निम्नलिखित उद्देश्य राखिएको छ।

- योजनाको अनुगमन तथा मुल्याङ्कन प्रणालीको विकास गर्नु ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरी योजना कार्यान्वयनमा उपयुक्त समन्वय र सहजिकरण विकास गर्नु ।
- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
- जनशक्तिको लागि संस्थागत क्षमता अविवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

### ५.१.४ रणनितिहरुः

यस गाउँपालिकाले माथि उल्लेखित उद्देश्य हासिल गर्नका लागि देहायबमोजिमको रणनितिहरु अपनाइने छनः-

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यापकलाई थप जिम्मेबार बनाई क्षमता विकास गर्ने ।
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्ने आवश्यक स्रोत साधनहरुको व्यस्थापन गर्ने ।
- विज्ञ सहितको समिती निर्माण गर्ने ।
- अनुगमनका लागि विभिन्न सूचकहरु बनाइने छ ।

### ५.१.५ उपलब्धि नतिजा तथा परिमाणात्मक लक्ष्यः

यस योजनाको कार्यान्वयनबाट देहायबमोजिमको उपलब्धिहरु हासिल हुने देखिन्छः-

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गर्न आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।
- योजनाको अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास हुने ।
- स्थानीय दक्ष जनशक्तिको सदुपयोग हुने ।

➢ विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा सुधार हुने ।

**प्रमुख नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | १ | ३ | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ५ | सबै | सबै | सबै | सबै |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ५ | ९ | सबै | सबै | सबै | सबै |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | स्थानीय तहबाट शिक्षामा विनियोजित बजेट प्रतिशत (कुल बजेटको) | ५% | ६% | ७% | १५% | २०% | २०% |

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेट हजारमा (०००) | भौतिक लक्ष्य (१० वर्ष) | सरोकारित निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालय शिक्षा सम्बन्धी आवश्यक कानून तर्जुमा | पटक (आवश्यकता अनुसार) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५० | निरन्तर | स्थानीय तह |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २०० | निरन्तर | स्थानीय तह, वि.व्य.स. र विद्यालय |
| ३ | शिक्षक सहायता प्रणालीको विकास तथा परिचालन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५० | निरन्तर | संघ, प्रदेश, स्थानीय तह, विद्यालय र गैसस |
| ४ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | निरन्तर | स्थानीय तह र विद्यालय |
| ५ | प्रधानाध्यापकसंग कार्य सम्पादन करार गरी नतिजा उत्तरदायी र जिम्मेवार सम्बन्धी कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | निरन्तर | स्थानीय तह र वि.व्य.स. |
| ६ | विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | निरन्तर | विद्यालय, वि.व्य.स. र स्थानीय तह |
| ७ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | निरन्तर | वि.व्य.स., वडा र स्थानीय तह |
| ८ | सामुदायिक सिकाइ केन्द्र प्रभावकारी रुपमा संचालन र नियमन | पटक | रन्तर | रन्तर | रन्तर | रन्तर | रन्तर | रन्तर | ५० | रन्तर | स्थानीय तह र वडा |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको चार वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.१ वर्तमान अवस्था

व्यावहारिक र कार्यान्वयन योग्य शिक्षा योजना निर्माण गर्नु एउट महत्वपूर्ण चरण हो भने यसको सफल कार्यान्वयन झनै महत्वपूर्ण पक्ष हो | यसको कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला निकाय तथा नागरिकहरुको महत्वपुर्ण सहभागिता र सक्रियता आवश्यक देखिन्छ | स्थानीय तहको गाउँ सभा, गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति, वडा कार्यालयहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्र.अ., सम्पूर्ण शिक्षक विद्यार्थी लगाएत सम्पूर्ण अभिभावकहरु यस योजना कार्यान्वयनका महत्वपूर्ण अंगहरु हुन् | यसका साथै पालिकाको स्वास्थ्य शाखा, कृषि शाखा, रोजगार शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा लगाएतका अन्य सम्पूर्ण शाखाको पनि महत्वपुर्ण भूमिका रहने गर्दछ | विकास साझेदारी संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरु र नागरीक समाजको पनि यस शिक्षा योजना कार्यान्वयन अहम भूमिका स्थापित भएको हुन्छ | अतः यस गाउँपालिकामा यस शिक्षा योजना कार्यान्वयन गर्न अभिन्न संरचनाको रुपमा गाउँ शिक्षा समिति स्थापित रहेको छ र सचिवालयको रुपमा सक्रिय शिक्षा शाखा समेत रहेको छ | यसका साथसाथै सम्पूर्ण गाउँ सभा, गाउँ कार्यपालिका, ८ वडा समितिहरु यस शिक्षा योजना कार्यन्वयन गर्न प्रतिवद्ध रहेका छन् | विद्यालयस्तरमा गठित १० वटा विद्यालय व्यवस्थापन समिती, ३४ जना प्र.अ. तथा विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरु रहेका छन | २ वटा राष्ट्रिय गैर सरकारी संघसंस्था गाउँपालिकामा प्रत्यक्ष रुपमा कार्यरत रहेका छन् | अनौपचारिक तथा निरन्तर सिकाइ कार्यान्वयन गर्न ३ वटा सिकाई केन्द्र संचालनमा रहेका छन् | सुवर्ण शिक्षा ऐन, २०७५ कार्यान्वयनमा रहेको छ | बालिका तथा समावेशी शिक्षा गठन तथा संचालन कार्यविधि, २०८१ निर्माण भई कार्यान्वयन भएको छ | साथै विपदको समयमा कसरी बालबालिकाहरुलाई सुरक्षित राख्ने र सरकारी शिक्षण सिकाईलाई निरन्तरता दिने सम्बन्धमा शिक्षा समूह गठन भएको छ | यति धेरै संरचना निर्माण तथा कार्यान्वयनको लागि कानुनी तथा नीतिगत व्यवस्था भएता पनि यस शिक्षा योजना कार्यान्वयन चुनौती पूर्ण नै रहेको छ । यसका साथै योजना कार्यान्वयनमा आवश्यक पर्ने स्रोत साधनको समयमै व्यवस्थापन हुन प्रतिफल अपेक्षित नहुन सक्छ |

### ५.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
२. योजना कार्यान्वयनको अन्तसम्म योजनाको उद्देश्य प्राप्त गर्नु |

### ५.२.३ रणनीति

१. संघ तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
७. विद्यालय बार्षिक कार्य तालिका निर्माण गरि कार्यान्वयन गर्न लगाउने ।
८. गाउँपालिकाबाट नियमित रुपमा शैक्षिक पात्रो निर्माण गरि कार्यान्वयन गर्ने र गराउने ।
९. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
१०. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
११. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
१२. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।
१३. पालिका अन्तर्गत कार्य गरि रहेका विभिन्न विकास साझेदारहरुसंग एकीकृत समन्वय र सहकार्य गर्ने ।
१४. योजना कार्यान्वयन गर्न आवश्यक स्रोत साधन व्यवस्थापनको लागि प्रदेश तथा संघ सरकारसंग समन्वय र अपिल गर्ने ।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ । साथै शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख नतिजा**

१. विद्यालय सुधार योजना निर्माण भई प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
२. शिक्षा शाखा सबल र सक्षम कर्मचारी व्यवस्थापन र उपलब्धता भएको हुनेछ ।
३. एकीकृत शैक्षिक सूचना प्रणालीको प्रयोग र सुदृढीकरण भएको हुनेछ ।
४. सक्षम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ भएको हुनेछ ।
५. सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रम निरन्तर र प्रभावकारी ढंगबाट संचालन भएको हुनेछ ।
६. शिक्षाका सबै निकाय तथा विद्यालय सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी र जिम्मेवार हुनेछन ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेट हजारमा (०००) | भौतिक लक्ष्य (१० वर्ष) | सरोकारित निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | निरन्तर | वडा र स्थानीय तह |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २०० | निरन्तर | विद्यालय, वि.व्य.स.स्थानीय तह, संघ |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५० | निरन्तर | संघ, स्थानीय तह र विद्यालय |
| ४ | विद्यालय बार्षिक कार्य तालिका निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | विद्यालय, वि.व्य.स. र स्थानीय तह |
| ५ | पालिका स्तरीय शैक्षिक पात्रो निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १० | निरन्तर | स्थानीय तह |
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | संघ,प्रदेश,स्थानीय तह र गैसस |
| ७ | प्र.अ.हरुको लागि व्यवस्थापन तालिम | पटक | १ | | १ | | १ | ३ | ४०० | निरन्तर | संघ, प्रदेश, स्थानीय तह, शिक्षा तालिम केन्द्र र गैसस |

## परिच्छेद-६

## लगानी र स्रोत व्यवस्थापन

**परिचय :**

सबै नागरिकहरूलाई आधारभूत तह निशुल्क र अनिवार्य तथा माध्यमिक तह निशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्ष, प्रारम्भिक वाल विकास शिक्षा, खुला शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरुका अतिरिक्त औपचारिक संरचना बाहिरण ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ ओटा कार्यक्षेत्र अधिकारहरुको विस्तृतीकरण गरेको पाइन्छ। मित्रका शैक्षिक संस्थाहरुलाई अनुदान उपलब्ध गराउने लेखापरीक्षण र वितीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकाले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्ने छ।

वित्तीय व्यवस्थापन अन्तर्गत २ ओटा पक्ष समेटिएको छ। एकातर्फ योजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोत ऑकलन, प्राप्ति र उपयोगितालाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरुलाई विद्यालयहरूमा पुऱ्याई तोकिए बमोजिम खर्च पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्ने छ। शिक्षाको समय सापेक्ष जुन गतिमा विकास हुनु पर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०% बजेट शिक्षामा विनियोजन गर्ने भनिए तापनि सो पनि अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्न कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउँदै लैजाने नीति उल्लेख गरिएको छ । कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरुको आर्थिक पक्षलाई सवलीकरण गर्नु र विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीको रुपमा रहेका हुन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा शिक्षालाई राखिनु सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो हुनेछ ।

### ६.१ वर्तमान अवस्था

विश्व व्यापी रूपमा दिगो विकासका लक्ष्यहरु हासिल गर्न कुल बजेटको कम्तिमा २०% रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रति बहुल्यता रहेता पनि शिक्षा क्षेत्रको वजेट क्रमश: प्रतिवद्धता घटदै गइरहेको पाइन्छ । ससर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५% भन्दा बढी रकम शिक्षक तलव भता छात्रवृति भौतिक पुर्वाधार दिवा खाजा र पाठ्य पुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवाद्धि क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरु केन्द्रित रहेको छ । गाउँ शिक्षा योजना कार्यान्वयनका वित्तिय व्यवस्थापनको मुख्य श्रोत संघीय प्रदेश, राष्ट्रिय सभा सरकार रहने छन्। अभिभावक र समुदायको भूमिका परिपुरकको रुपमा रहने छ । शिक्षा क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुलाई विश्वताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिने छ । समग्र वितिय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तिय स्रोत जुटाउनु शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने व्यवस्थापन मार्फत वितिय सुशासन कायम कार्यहरू प्राथमिकता रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्दति मार्फत विद्यालयहरुलाई नियमित अनुदानमा अतिरिक्त एकमुष्ट मागमा आधारित कार्य सम्पादन मुलक र प्रोत्साहन मुलक अनुदानको व्यवस्था गरिने छ।

### ६.२ उदेश्य

१. योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरि कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पस्ट गर्नु ।
५. गुणस्तरीय शिक्षा र जीवन उपयोगी शिक्षाका लागि थप लगानी र स्रोत परिचालन गर्नु ।

### ६.३ रणनीति

१. संघ र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानिय सरकारले आफ्नो स्रोतबाट लगानी गर्ने,
२. आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुंच, सहभागिता एवम गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गर्ने ।
३. श्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेहि बनाइने,
४. वार्षिक रुपमा कुल बजेटको २०% प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने,
५. शिक्षामा निजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने,
६. मापदण्डका आधारमा खर्च तथा प्रतिवेदन पद्धती अवलम्बन गरिने,
७. वित्तिय व्यवस्थापन क्षमतामा सुधार ल्याई बित्तिय कार्य कुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तर दायित्वलाई सवल बनाइने,
८. सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गरिनेछ ।

### ६.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य उपलब्धि :

**प्रमुख उपलब्धि**

१. शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर, र क्षमता विकासमा उल्लेखिय प्रगति भएको हुने,
२. वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तिय कुशलता, पारदर्शिता जिम्मेवारी र उत्तरदायित्व सुद्धिढ आर्थिक हुने।

**नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।
३. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने ।
४. निजी शिक्षण संस्थाहरुले सार्वजनिक सेवा, सामाजिक दायिकता र सेवामुलक व्यवसायको रुपमा विद्यालय संचालन गरेको हुने ।
५. स्रोत व्यवस्थापन र परिचालनमा समुदाय र गैरसरकारी संघसंस्थाहरुसंगको साझेदारी विकास भएको हुने ।
६. सबै शिक्षण संस्थाहरुको आर्थिक तथा सामाजिक लेखा परिक्षण भएको हुनेछ ।

## ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | बजेट हजारमा (०००) | भौतिक लक्ष्य (१० वर्ष) | सरोकारित निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालयहरुमा लेखासम्बन्धी सफ्टवेयरको व्यवस्था | संख्या | | १ | १ | २ | २ | ६ | ४०० | १४ | स्थानीय तह |
| २ | लगानीको लागि स्थानीय गैरससहरुसंग साझेदारी | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | स्थानीय तह |
| ३ | नतिजामा आधारित स्रोत विनियोजन पद्धति विकास तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | संघ, प्रदेश, र स्थानीय तह गैसस |
| ४ | विद्यालयको लेखा प्रणाली सुदृढिकरणको लागि लेखा सम्बन्धी तालिम संचालन | पटक | १ | | | | १ | २ | १५० | ५ | संघ, प्रदेश, र स्थानीय तह गैसस |
| ५ | विद्यालय प्र.अ. तथा वि.व्य.स. र शि.अ.स. का पदाधिकारीहरुको लागि सामाजिक लेखा परिक्षण तथा सार्वजनिक खरिद सम्बन्धी तालिम | पटक | १ | | १ | | १ | ३ | | ६ | संघ, प्रदेश, र स्थानीय तह गैसस |
| ६ | सबै शैक्षिक संस्थाहरुको सामाजिक परिक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | निरन्तर | संघ, प्रदेश, र स्थानीय तह गैसस |
| ७ | योजनामा आधारित स्रोत बांडफांड र लगानी गर्ने प्रणालीको स्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | स्थानीय तह |

६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान (पहिलो पाँच वर्षको अनुमानित बजेट)

| क्र.स. | शिक्षा योजनाका उप-क्षेत्रहरु | प्रस्तावित/ अनुमानित बजेट (रु.हजार) | संघीय सरकारबाट प्राप्त अनुदान अनुमानित बजेट (%) | प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित बजेट (%) | स्थानीय सरकारबाट प्राप्त हुने अनुमानित बजेट (%) | गैरससबाट प्राप्त हुने अनुमानित बजेट (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ४०० | ६५% | ५% | २० | १०% | |
| २ | आधारभूत शिक्षा | ५१७५० | ६५% | ५% | १५% | १५% | |
| ३ | माध्यमिक शिक्षा | ८०५ | ७०% | ५% | २०% | ५% | |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | १०२५ | ६०% | १०% | ३०% | | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ३२२५ | ६०% | ५% | १५% | २०% | |
| ६ | पाठ्यक्रम, पाठ्य पुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | २१०० | ७०% | | २०% | १०% | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ६४४५० | | ५% | ९५% | | |
| ८ | शैक्षिक समता र समावेशीकरण | १२०० | ६०% | ५% | १५% | २०% | |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | २३६५० | ९५% | | ५% | | |
| १० | आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा | २२२ | १०% | ५% | २५% | ६०% | |
| ११ | विद्यालयमा भौतिक पूर्वाधार विकास | १०२९० | १०% | ५% | १५% | ७०% | |
| १२ | विधालयमा सूचना तथा सञ्चार प्रविधिको | २०५० | ७०% | | ३०% | | |
| १३ | संस्थागत क्षमता विकास | १००० | ६०% | ५% | २५% | १०% | |
| १४ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | १०५० | ६०% | | ३०% | १०% | |
| १५ | लगानी तथा स्रोत व्यवस्थापन | १२२५ | १०% | | ८०% | १०% | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | अनुगमन तथा मुल्यांकन | ३७५ | ६०% | | ४०% | | |
| | कुल जम्मा अनुमानित बजेट (रु.हजार) | १६४८१७ | | | | | |

## परिच्छेदः७
## अनुगमन तथा मूल्याङ्कन

### ७.१ वर्तमान अवस्थाः

यस सुवर्ण गाउँपालिकाभित्र शैक्षिक अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था यस प्रकार रहेको छः-

१. गा.पा. भित्रको शिक्षा शाखा अन्तर्गतको अनुगमन टोली निर्माण भई विद्यालय अनुगमन तथा आवश्यक सुझाव र निर्देशन दिने व्यवस्था रहेको।
२. एकीकृत प्रतिवेदन प्रणालीको विकास प्रभावकारी हुन नसकेको,
३. जनप्रतिनिधि, शिक्षक, कर्मचारी सहितको सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता रहेको छ ।
४. गा. पा. क्षेत्रभित्रका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार र ब्यवस्थित गर्ने कोर्ष व्यवस्थित हुन नसकेको ।
५. नतिजामा आधारित अनुगमन भइ रहेको,
६. शिक्षक सुपरिवेक्षण र पेसागत सहयोग कार्यक्रम प्रभावकारी हुन नसेकको,
७. विद्यार्थी उपलब्धि परीक्षणका लागि आधारभूत तहसम्म रहेको छ। अन्त्यमा (कक्षा ८) को परीक्षा केन्द्रीकृत प्रणालीबाट गरिदै आएको छ ।
८. विद्यालय कार्य सम्पादन परीक्षण राम्रैसँग हुँदै आएको।

### ७.२ उद्देश्यः

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ७.३ रणनीतिः

उल्लिखित उद्देश्य हासिल गर्नका लागि सुवर्ण गाउँपालिकाले अपनाउने नीति यस प्रकार छः-

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्य सम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
४. कक्षाकोठाको सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।
५. विद्यालय तथा शिक्षकको सुपरिवेक्षण पेशागत सहयोगको संयन्त्रको व्यवस्था र सुदृढीकरण गर्ने,
६. योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,

७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेश गर्ने ।

### ७.४ प्रमुख उपलब्धि तथा नतिजा :

- **उपलब्धि :-** योजनाको सफल कार्यान्वयनबाट निम्नानुसार मुख्य उपलब्धि प्राप्त हुने छ ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकिकृत प्रणाली विकास भएको हुने छ ।

२. नतिजामा आधारित अनुगमन तथा मुल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिलाई सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल भएको हुने छ ।

- **नतिजाः-** योजनाको कार्यान्वयबाट हासिल हुने मुख्य नतिजा यस प्रकार छ ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

### ७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य :

सुवर्ण गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य यस प्रकार छ।

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा | बजेट हजारमा (०००) | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | | |
| १. | अनुगमण तथा मुल्याङकन संयंत्र निर्माण | पटक | १ | | | १ | | २ | | ४ | स्थानीथ तह |
| २. | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | निरन्तर | स्थानीथ तह |
| ३. | कार्यान्वयनको चौमासिक तथा वार्षिक समिक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५० | निरन्तर | स्थानीथ तह |
| ४. | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५० | १० | स्थानीथ तह |
| ५. | अनिवार्य तथ निशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको कार्ययोजना तयार गर्ने | पटक | | १ | | | | १ | १५० | २ | स्थानीय तह र गैसस |